का.जि.प्र.का.द.नं. १००/०५९/६०
३१ भदौ २०८२
मंगलबार
16 September 2025
Tuesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २२६ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# शासनसत्ता ढल्यो, पार्टीसत्ता अनिश्चित

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३० भदौ

जेनजी आन्दोलनपछि विघटित संसद्का तीन ठुला दल नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रभित्र पार्टी संरचना र नेतृत्व पुर्नगठनको दबाब बढ्दै गएको छ । पार्टीका संस्थापनइतर मात्र होइन, नेतृत्वनिकटहरूसमेत मुख खोल्दै छन् । तर ती दलहरूमा नेतृत्वको बहस कसरी अघि बढ्छ अझै टुंगो लागेको छैन ।

युवा नेताहरूले आन्तरिक लोकतन्त्र र पार्टी पुर्नसंरचनाको आवाज उठाइरहेका छन् । त्यस्तो आवाज यसअघि पनि उठ्दै आए पनि कतै सुनुवाइ भइरहेको थिएन । कांग्रेस सभापति शेरबहादुर देउवा महाधिवेशनको मितिसमेत नतोकेर कार्यकाल २०८४ सम्मै लम्ब्याउने दाउमा थिए । एमाले अध्यक्ष केपी ओली भर्खरै विधान महाधिवेशन गरेर नेतृत्वमा तेहेरिने रणनीतिमा थिए । अनि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' झन्डै चार दशकदेखि आफूलाई निर्विकल्प ठानिरहेका थिए । नेतृत्व छाड्नुपर्ने दबाब बढेपछि ती पार्टीमा सुरक्षित अवतरणको बाटो खोजी हुन थालेको छ ।

सत्ता उलटफेरको गम्भीर परिस्थिति आउँदासमेत तीन पार्टीहरूले औपचारिक बैठकसमेत डाँक्न सकेका छैनन् । ती बैठकले बर्हिगमन गराउने भय उनीहरूमा देखिन्छ । यहीबेला दोस्रो र तेस्रो तहका नेताहरू नेतृत्व र संगठन पुर्नगठनको बहस छेडेका छन् । कांग्रेसका महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मा, नेताहरू डा. शेखर कोइराला, चन्द्र भण्डारी, प्रदीप पौडेल, सहमहामन्त्री जीवन परियारलगायत नेता जनभावनालाई समेटेर पार्टीमा पुर्नसंरचनामा लैजानुपर्ने बताउँदै आएका छन् । पार्टीलाई समयानुकूल बनाउन विगतको समीक्षा गर्दै संस्थागत रूपबाट निर्णय लिनुपर्ने सहमहामन्त्री परियारले बताए ।

'पछिल्लो घटनापछि पार्टीभित्र विभिन्न तहका नेता कार्यकर्ताको स्वस्फुर्त रूपमा विभिन्न विचार आएका छन्,' परियारले मध्यान्हसँग >>> पृष्ठ २ मा



जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु

- बिक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन एकीन गरौं,
- सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# बिनाबर्दी ड्युटीमा प्रहरी

प्रयोग गर्दै आएको ड्रेस र जुत्ता नै खोसिएपछि सादा पोसाकमै प्रहरीहरू सडकमा देखिएका हुन् । प्रहरी हो भन्ने चिनून् भनेकी केहीले सिम्बोलिक रूपमा पेटी लगाएका छन् । कतिपय त चप्पलमै समेत सडकमा देखिएका छन् ।



प्रहरीको मनोबल बढाउनुपर्नेछ । क्षतिको तथ्यांक संकलन भइसकेपछि तत्काल गर्नुपर्ने र दीर्घकालीन रूपमा गर्ने विषय तय गरिन्छ ।

**ओमप्रकाश अर्याल**
गृहमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० भदौ

गतसाताको जेनजी आन्दोलन (२३-२४ भदौं)ले अस्तव्यस्त बनेको सडक सामान्य हुँदै आएको छ । प्रदर्शनकारीहरूको मागअनुसार नयाँ सरकार बनिसकेपछि ट्राफिक प्रहरीहरू समेत काममा फर्किएका छन् ।

तर, उनीहरूले प्रयोग गर्दै आएको ड्रेस र बुट प्रदर्शनका क्रममा खोसिएका थिए । ड्रेस खोसिएपछि सादा पोसाकमै प्रहरीहरू सडकमा देखिएका हुन् । प्रहरी हो भन्ने चिनून् भनेर केहीले सिम्बोलिक रूपमा पेटी लगाएका छन् । कतिपय जुत्तामा कतिपय त चप्पलमै समेत सडकमा देखिएका छन् ।

प्रदर्शनका क्रममा देशभरका प्रहरी बिटहरू तोडफोड भएका छन् । तोडफोड भएका बिटबाटै प्रहरीहरूले सेवा सुरु गरेका हुन् ।

प्रदर्शनका क्रममा काठमाडौं उपत्यकाका मात्रै १ सय ५३ वटा प्रहरी कार्यालयमा आगजनी र तोडफोड भएको प्रहरीको तथ्यांक छ । उपत्यका प्रहरी कार्यालयका अनुसार उपत्यकाका >>> पृष्ठ २ मा

जेनजी आन्दोलन

# छानबिन र न्यायिक जाँचबुझ आयोग बन्ने

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ३० भदौ

जेनजी आन्दोलनका क्रममा भएको क्षतिलगायतका विषयमा छानबिन गर्न आयोग बन्ने भएको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले आयोग गठन गर्ने सैद्धान्तिक निर्णय गरेको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालका अनुसार मन्त्रिपरिषद्को बैठकले जेनजी आन्दोलनका क्रममा भएको जनधनको क्षतिलगायतका विषयमा छानबिन गर्न न्यायिक जाँचबुझ आयोग गठन गर्ने सैद्धान्तिक निर्णय गरेको हो ।

उनका अनुसार आयोगमा कसलाई राख्नेलगायतका विषय टुंगिएको छैन । यो विषयमा आगामी मन्त्रिपरिषद्को बैठकमा छलफल हुनेछ । तथापि आयोगको नेतृत्वमा न्यायिक पृष्ठभूमिका व्यक्ति हुने र त्यसमा पनि पूर्वन्यायाधीश नै हुने अर्यालले बताएका छन् ।

सरकारले जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका व्यक्तिहरूको सम्झनामा पार्क बनाउनेलगायतका निर्णय पनि गरेको छ । मन्त्री अर्यालले भनेका छन्, 'शहादत प्राप्त गर्नेका हकमा जेनजी जागरण स्मारक पार्क बनाउने निर्णय भएको छ ।'

सरकारले जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका शहीद परिवारलाई क्षतिपूर्तिबापत १५ लाख रुपैयाँ दिने घोषणा पनि गरेको छ । आन्दोलनका क्रममा ज्यान गुमाएका व्यक्तिका परिवारलाई क्षतिपूर्तिबापत १० लाख र अन्य खर्च ५ लाख गरी कुल १५ लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन लागिएको हो ।

गृहमन्त्री अर्यालका अनुसार क्षतिपूर्तिबापतको रकम अर्थ मन्त्रालयमार्फत गृह वा सम्बन्धित जिल्ला प्रशासनबाट वितरण गरिनेछ । आन्दोलनका क्रममा घाइते भएकाहरूको नि:शुल्क >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# व्यवसायीले थाले विभाग र प्रहरी कार्यालय बनाउने अभियान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ

'पहिले सुरक्षा त्यसपछि व्यवसाय' भन्ने नारासहित नेपाल वैदेशिक रोजगार व्यवसायी संघले ताहाचलस्थित वैदेशिक रोजगार विभाग र गौशाला प्रहरी चौकी निर्माणको पहल सुरु गरेको छ । जेनजी प्रदर्शनका क्रममा भएको तोडफोड र आगजनीमा दुवै कार्यालय पूर्ण रूपमा जलेका छन् ।

संघका अध्यक्ष भुवनसिंह गुरुङले संघले नागरिकको सेवा सहजताका लागि महानगरीय प्रहरी वृत्त गौशालालाई सहयोग गर्न पहल गर्दैगर्दा त्यहाँका प्रहरी प्रमुखले नयाँ भवन बनाउन आवश्यक रहेको बताएपछि संघले त्यसका लागि अग्रसरता लिएको बताए ।

त्यसैगरी विभागको ताहाचल कार्यालय तत्काल नबनेको अवस्थामा वैदेशिक रोजगार व्यवसायी र वैदेशिक रोजगारमा जाने कामदारलाई सेवा पाउन समस्या हुने भएकाले सकेसम्म छिटो मर्मतका लागि पनि पहल भएको उनले बताए ।

यता नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिले बसपार्कमा रहेको प्रहरी चौकी मर्मत गरिदिने भएको छ । गत भदौ २४ को आगजनीमा क्षतिग्रस्त चक्रपथ, तिलेङ्गेटार र बसपार्क गरी तीन वटा प्रहरी कार्यालयलाई मर्मतका लागि सहयोग जुटाउन पहल गरेको समिति महानगरीय प्रहरी वृत्त चक्रपथका प्रमुखसँग छलफल गरेपछि बसपार्कमा क्षतविक्षत अवस्थामा रहेको चौकी पुन:निर्माण गर्ने निर्णयमा पुगेको हो । समिति घटस्थापना अघि नै चौकी मर्मत गरेर प्रहरीलाई हस्तान्तरण गर्ने तयारीमा लागेको हो । त्यसका लागि सोमबार नै बसपार्क चौकीको लागत स्टिमेट गरेर कामको सुरुवात गरिएको समितिले बताएको छ । आइतबार स्काई पार्टी प्यालेसमा समितिमा आबद्ध वैदेशिक >>> पृष्ठ २ मा

## साउदीबाट अलपत्र ११ नेपाली श्रमिकको उद्धार




**अन्जान गुभाजु/मध्यान्ह**
साउदी, ३० भदौ

साउदी अरबको यान्बु सहरमा अलपत्र परेका ११ जना नेपाली श्रमिकको उद्धार गरिएको छ । तीमध्ये एक जना स्थानीय कम्पनीमा ट्रान्सफर भएर बसेका छन् भने बाँकी १० जना श्रमिक सोमबार नेपाल फर्किएका छन् । >>> पृष्ठ २ मा

## नेपालीलाई रोकियो युएईको भिजिट भिसा

**काठमाडौं/मस-** सामाजिक सञ्जाल बन्द र भ्रष्टाचारविरुद्ध गत साता भएको ध्वंसात्मक आन्दोलनपछि अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको राष्ट्रिय प्रतिष्ठा कमजोर भएको छ । ठुलो संख्यामा नेपाली जाने संयुक्त अरब इमिरेट्स (युएई)ले नेपालीलाई सोमबारदेखि भिजिट भिसा जारी गर्न रोक लगाएको छ ।

भिजिट भिसा प्रयोग गरेर जाने अधिकांश नेपालीले युएईलाई वैदेशिक रोजगारी र तेस्रो मुलुक जाने ट्रान्जिटका रूपमा प्रयोग गरिरहेका छन् । भदौ २४ गतेको प्रदर्शनका क्रममा जेल तोडेर १३ हजार कैदी, ठुलो संख्यामा >>> पृष्ठ २ मा



# आफ्नै सुझाव लागू गर्न रामेश्वरलाई अर्थको बागडोर

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं ३० भदौ

उच्चस्तरीय आयोगको अध्यक्षका हैसियतमा पाँच महिनाअघि आर्थिक सुधारका सुझाव दिएका पूर्वअर्थ सचिव रामेश्वर खनाल अन्तत: आफैं कार्यान्वयन गर्ने भूमिकामा पुगेका छन् । जेनजी विद्रोहपछिको परिस्थिति सम्हाल्न बनेको अन्तरिम सरकारमा संकटमा परेको अर्थतन्त्र उकास्न उनी आइपुगेका छन् । गत चैत २९ मा उनी नेतृत्वको आयोगले सरकारलाई >>> पृष्ठ २ मा



चुनावी सरकार भएकाले लगानीकर्ताले विश्वास गर्ने वातावरण बनाउन सक्नुपर्छ ।

**डा. चन्द्रमणि अधिकारी**
अर्थविद्



अर्थतन्त्र नजिकबाट बुझेका अर्थमन्त्री आएकाले निजी क्षेत्र केही आशावादी भएको छ ।

**कमलेश अग्रवाल**
अध्यक्ष
नेपाल चेम्बर अफ कमर्स



राजस्व वृद्धि गर्ने र वैदेशिक सहयोगका लागि अनुकूल भूमिका खेल्न सक्नुपर्छ ।

**दीपेन्द्र बहादुर क्षेत्री**
पूर्वगभर्नर

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३१ भदौ २०८२ मंगलबार
16 September 2025 Tuesday

# ‘जेनजी’ आन्दोलन : असोज १ गते शोक बिदा

**काठमाडौं /मस**–सरकारले यही भदौ २३ र २४ गते भएको ‘जेनजी’ आन्दोलनका क्रममा निधन भएका व्यक्तिलाई शहीद घोषणा गर्ने निर्णय गरेको छ ।

नवगठित मन्त्रिपरिषद्को सोमबार बसेको पहिलो बैठकले सहादत प्राप्त गर्नेलाई राष्ट्रिय सम्मानसहित राष्ट्रिय झण्डा ओढाउने र अन्त्येष्टि गर्ने निर्णय गरेको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए ।

यसैगरी आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने व्यक्तिको सम्मानमा आगामी असोज १ गते शोक दिवस मनाउने र सार्वजनिक बिदा दिने निर्णय भएको छ । सरकारले सहिदका परिवारलाई क्षतिपूर्तिबापत नियमित दिँदै आएको १० लाख र अन्य खर्चबापत थप पाँच लाख थप गरी १५ लाख सहयोग गर्ने निर्णय गरेको उनले बताए ।



उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउने र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत सम्बन्धित परिवारलाई प्रदान गरिने छ ।

बैठकले घाइतेको निःशुल्क उपचार, शव सम्बन्धित स्थानमा लैजानुपरेमा निःशुल्क व्यवस्था र दाहसंस्कारमा सघाउने निर्णय गरेको छ । बैठकले आन्दोलनका क्रममा भएको जनधनको क्षति र ज्यादतीको छानबिन गर्न पूर्वन्यायाधीशको संयोजकत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने सैद्धान्तिक निर्णय गरेको गृहमन्त्री अर्यालले जानकारी दिए ।

सोही आयोगको प्रतिवेदनका आधारमा आवश्यक काम गरिने उनको भनाइ छ । यसैगरी सहादत प्राप्त गर्ने शहीदको स्मरणमा ‘जेनजी जागरण स्मारक पार्क’ निर्माण गर्ने निर्णय भएको छ । बैठकले अघिल्लो मन्त्रिपरिषद् बैठकमा पेस भएका तर निर्णय नभएका सबै प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने निर्णयसमेत गरेको गृहमन्त्री अर्यालले जानकारी दिए ।

## शासनसत्ता...

भने, ‘हामीले व्यक्ति केन्द्रितभन्दा पनि एजेन्डाकेन्द्रित भएर पार्टीलाई समयानुकूल बनाउन विगतको समीक्षा गर्दै संस्थागत रूपमै जानुपर्दछ । पार्टीको पुर्नसंरचना अधिवेशनबाट मात्रै हुने कुरा हो ।’ पार्टीका पदाधिकारी र सदस्यहरूले के नगरेका कारण यो अवस्था आयो भन्ने विषयमा समीक्षा गर्नुपर्ने उनले बताए ।

‘आमजनताको भावनाअनुसार केन्द्रीय समितिले संस्थागत निर्णय गरेर जानुपर्छ । त्यसका लागि हामी चाँडै पार्टीको बैठक बस्छौं,’ परियार भन्छन् । कांग्रेसमा ‘अर्ली’ महाधिवेशन गरेर वर्तमान नेतृत्वलाई बिदा गर्ने युवा नेताहरूको योजना छ ।

आन्दोलनकारीले पार्टी कार्यालय र नेताहरूका निवाससमेत ध्वस्त पारेका छन् । कांग्रेस, एमाले र माओवादी केन्द्रका पार्टी कार्यालय मात्र होइन, शीर्ष नेताका घर पनि जलाइएका छन् । घाइते देउवा र घरबारविहीन बनेका ओली तथा प्रचण्डलाई तत्कालै पद छाड् भन्न धेरै नेताले अप्ठेरो मानिरहेका छन् । तर पार्टीको भौतिक संरचना पुर्ननिर्माणसँगै पुराना नेताहरूलाई अवकाश गराएर नयाँ नेतृत्वमा चुनावमा जानुपर्ने मत दलहरूमा बलियो बन्दै गएको छ ।

एमालेभित्र पनि पार्टी पुनर्गठनको बहसले भित्रभित्रै तीव्रता पाएको छ । पार्टी अध्यक्ष ओलीको एकलौटी चल्दै आएको एमालेमा फरक मत राख्नेहरू पार्टीबाटै निस्कासनमा परेका उदाहरणसमेत छन् । तर प्रधानमन्त्रीबाट राजीनामा दिएर बालुवाटारबाट भागेका ओली बाहिर नआउँदै दोस्रो तहका नेताहरूले नेतृत्व परिवर्तनको आवाज उठाउन थालेका छन् । एमाले सचिव योगेश भट्टराई बदलिएको परिस्थितिबारे पार्टीमा छलफल गरेर आगामी योजना तय गर्ने बताउँछन् । उनले भने, ‘यस घटनापछि एमालेमा पनि विकसित घटनाक्रमलाई मध्यनजर गर्दै समयको प्रवाह र युवा पुस्ताको मागलाई समेत आत्मसात् गरी पार्टी पुनर्गठन र पुनर्संचनाका लागि छलफल आवश्यक ठानेका छौं ।’ के कसरी जाने भन्ने पार्टी बैठकबाटै निर्णय गरेर जाने उनले बताए ।

कांग्रेस र एमालेमा पार्टीको महाधिवेशन नजिकिँदै छ । एमालेको गत भदौ २०-२२ मा विधान अधिवेशन गरेर ६ महिनाभित्रै राष्ट्रिय महाधिवेशनको तयारी गरेको थियो । त्यस्तै, मिति नतोकिए पनि कांग्रेसको १५औं महाधिवेशन आउँदो मंसिरमा हुनुपर्ने थियो । तर एक वर्षको म्याद थप गरी २०८३ मंसिरभित्र गरिसक्ने गरी आवश्यक तयारी गरिरहेको थियो । यस घटनाले पार्टीको महाधिवेशन २०८३ सम्म कुर्न नसक्ने अवस्था आएको छ ।

दलहरूले विस्तारै आफ्ना गतिविधि सुरु गर्न थालेका छन् । एमाले महासचिव शंकर पोखरेलले प्रदेश र जिल्ला अध्यक्षहरूसँग भर्चुअल छलफल गरेका छन् । सोमबार पार्टी कार्यालयमा गएर ठुलो झन्डा लगाएर ‘एमाले फेरि उठ्ने’ सन्देश दिएर फर्किए । माओवादी केन्द्रले भर्चुअल बैठक गरिसकेको छ । कांग्रेसका महामन्त्रीद्वय थापा र शर्मा पार्टी कार्यालय पुगेर नेता-कार्यकर्तालाई संयम अपनाउन आह्वान गरेका छन् । तर पार्टीहरू छिट्टै बैठक बसेर नेतृत्व परिवर्तन गर्ने संकेत भने देखिएको छैन ।

माओवादी केन्द्रका नेता जनार्दन शर्माले पार्टीलाई पेवा ठान्ने नेताहरूका कारण यो अवस्था आएको टिप्पणी गरिरहेका छन् । पार्टीको पुर्नसंरचना गरी जनतामा जान सक्नुपर्ने उनको भनाइ छ । उनी अध्यक्ष प्रचण्डको विकल्प खोज्न हिम्मत जुटाइरहेको उनीनिकट नेताहरू बताउँछन् । तर केही अघिका पार्टी बैठकमा एक्लिएका शर्मालाई अरू कसले साथ देलान् अहिल्यै भन्न सकिने स्थिति छैन ।

जेनजी आन्दोलनले राजनीतिक दलहरूले भ्रष्टाचारको अत्यका लागि अभियान चलाउने र नागरिकका पक्षमा सच्चिएर काम गर्ने अवसरका रूपमा लिन सकिने विश्लेषक बताउँछन् । तर दलहरू अझै सुधार भएर जाने कुरामा शंका कायमै रहेको विश्लेषक लोकेश ढकालको टिप्पणी छ । ‘मुलुकको रोग नै भ्रष्टाचार हो । दलका नेतादेखि कार्यकर्तासमेत भ्रष्टाचारमा डुबेका कारण यो अवस्था आएको हो,’ ढकालले मध्यान्हसँग भने, ‘तर दलहरू अझै सुध्रिने पक्षमा देखिएका छैनन् । घटनाको एक सातासम्म पार्टीहरूले आधिकारिक धारणा सार्वजनिक गर्न सकेका छैनन् । नेताहरूले व्यक्तिगत रूपमा दिएका अभिव्यक्तिले पार्टीहरूमा केही प्रभाव पर्दैन । यस अघिदेखि नै धेरैपटक ‘हामी सुध्रिन्छौं’ भनेर जनतामाझ वाचा कमस खाएका दलका शीर्ष नेताहरूको एकाधिकारवादी चरित्र सुधान नहुँदाको परिणाम अहिले भोगेका हुन् ।’

## बिनाबर्दी...

तीन जिल्लाका १ सय ५३ प्रहरी युनिटमा पूर्ण रूपमा क्षति भएको छ ।

काठमाडौंका १ सय २६ वटा प्रहरी कार्यालय, डीएसपी इन्चार्ज हुने ११ वटा प्रहरी वृत्त, १० वटा प्रभाग, तीनवटा चौकी र ३६ वटा बिटमा क्षति पुगेको छ । ललितपुरका दुईवटा वृत्त र सातवटा प्रभागमा पूर्ण रूपमा क्षति पुगेको छ । भक्तपुरका दुईवटा वृत्त, दुईवटा प्रभाग, एउटा चौकी र तीनवटा पोस्टमा पूर्ण क्षति भएको छ ।

उपत्यका प्रहरी कार्यालयका अनुसार उपत्यका ट्राफिक प्रहरी कार्यालयसहित १० वटा ट्राफिक युनिटहरू पूर्ण क्षति भएका छन् । उपत्यकाबाहिर भएको क्षतिको विवरण आउन बाँकी छ । आगजनी र तोडफोडसँगै प्रहरी युनिटबाट प्रहरीले प्रयोग गर्दै आएको ड्रेस र जुत्ता खोसिएपछि सादा पोसाकमै प्रहरीहरू सडकमा देखिएका हुन् ।

गृहमन्त्री ओमप्रकाश अर्याल क्षतिको विवरण संकलन भएपछि बजेटको सुनिश्चितता गरेर काम गरिने बताउँछन् । सोमबार सिंहदरबार पुगेर पदभार ग्रहण गरेलगत्तै उनले भनेका छन्, ‘प्रहरीको मनोबल बढाउनुपर्नेछ ।’

क्षतिको तथ्यांक संकलन भइसकेपछि तत्काल गर्नुपर्ने र दीर्घकालीन रूपमा गर्ने विषय तय गरिन्छ ।

गृह मन्त्रालयका अनुसार भदौ २३ र २४ गते गरेको प्रदर्शनका क्रममा देशभर प्रहरीका सहित २ सय ६३ सरकारी कार्यालय पूर्ण रूपमा क्षति भएको प्रारम्भिक विवरण छ । ३ सय ४२ सरकारी कार्यालयमा आंशिक क्षति पुगेको तथ्यांक छ ।

यस्तो अवस्थामा प्रहरीको मनोबल बढाउने गरी काम गर्ने प्रतिबद्धता गृहमन्त्री अर्यालले जनाएका हुन् ।

## छानबिन...

उपचारको व्यवस्था सरकारले गर्नेछ । आन्दोलका क्रममा मृत्यु भएका व्यक्तिहरूलाई सम्बन्धित स्थानमा पुऱ्याउन सवारीसाधनको व्यवस्था पनि सरकारले मिलाउनेछ । दुर्गमको हकमा भने हेलिकोप्टरमार्फत मृतकको शव सम्बन्धित ठाउँमा पुऱ्याइनेछ ।

यही भदौ २३ गते र २४ गते भएको आन्दोलनका क्रममा देशभर ७२ जनाले ज्यान गुमाएका छन् भने २ हजार ३ सय १६ जना घाइते छन् । २ सय ८३ जना घाइतेहरू देशका विभिन्न अस्पतालमा उपचाररत छन् ।

## व्यवसायीले...

रोजगार व्यवसायीहरूको भेला आयोजना गरेर समितिले महाराजगञ्ज, बसुन्धारा र बसपार्क चौकीलाई सहयोग गर्ने सहमति अनुसार न्यूनतम ३० हजार रुपैयाँ सहयोग जुटाउन सुरु गरेको थियो ।

सोमबार बिहानसम्म करिब १५ लाख रुपैयाँ संकलन भएपछि समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीको नेतृत्वमा तीन वटै चौकी पुगेर छलफल गर्दा धेरै भिडभाड हुने बसपार्क क्षेत्रमा रहेको चौकी मर्मत गर्नु व्यवहारिक हुने निष्कर्ष निकालिएको उपाध्यक्ष तारानाथ अर्यालले मध्यान्हलाई जानकारी दिए ।

उपाध्यक्ष अर्यालले बसपार्कको प्रहरी चौकी मर्मत सम्पन्न भएपछि रकम बचत भएको अवस्थामा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको बैंक खातामा जम्मा गरिने निर्णय भएको पनि जानकारी दिए ।

हालैको आगजनी र तोडफोडमा राजधानीमा रहेका प्रहरी वृत्त, प्रभाग र चौकीहरूमा व्यापक क्षति पुगेको छ । प्रहरी चौकीहरूमा लत्ताकपडा, चौखट, झ्यालका सिसा, शौचालय, पिउने पानीको प्रणाली ध्वस्त भएकाले प्रहरी ड्युटी गर्न समेत प्रतिकूलता झेलिरहेका छन् ।

कतिपयका हतियार, लट्ठी, सञ्चारसेट छैनन् भने तत्कालै घटनास्थलमा पुग्न सवारी साधनको पनि अभाव देखिएको छ । उपत्यकामा कतिपय प्रहरी पोशाकको अभावमा ड्युटीमा जान नपाएर आगजनीमा परेका भवन सफा गरेर बसेका छन् । काठमाडौं उपत्यकाका तीन जिल्लाका प्रहरी नायव उपरीक्षक (डिएसपी)ले कमान्ड गर्ने १८ वटा वृत्तमध्ये मालीगाउँ वृत्त मात्रै सुरक्षित रहेको छ ।

## साउदीबाट...

नेपाली दूतावास रियाद र महावाणिज्य दूतावास जेद्दाको पहलमा कम्पनीले उनीहरूका लागि बहिर्गमन भिसा र टिकट उपलब्ध गराएको हो । पाँच महिनादेखि तलब र काम नपाएका उनीहरूले करिब एक महिनाअघि नेपाली सेवा समिति यान्बुसँग सम्पर्क गरेपछि सो विषय सार्वजनिक हुँदै विभिन्न सञ्चारमाध्यममार्फत दबाब सिर्जना भएको थियो । त्यसपछि उद्धारको प्रक्रिया अघि बढेको हो ।

समितिका कार्यवाहक अध्यक्ष धनबहादुर गुरुङले उद्धारमा संलग्न दूतावास, वाणिज्य दूतावास, पत्रकार तथा सहयोग गर्ने सबैलाई आभार व्यक्त गरे । ’खान नपाएर परदेशमै ज्यान जाने हो कि भन्ने अवस्था थियो । नेपाली सेवा समितिले ३७ दिनसम्म खाद्यान्न, सरसफाइ सामग्री र नगद सहयोग गरेर हामीलाई अभिभावकभैंm संरक्षण गऱ्यो,’ एक पीडितले भावुक हुँदै भने ।

उनीहरूले पाँच महिनादेखिको करिब ५९ हजार साउदी रियाल अर्थात् २२ लाख रुपैयाँ तलब नपाएको गुनासोसमेत गरेका छन् । कम्पनीले तलब दिने बताए पनि टिकट मात्र उपलब्ध गराएको श्रमिकहरूले बताएका छन् ।

गत सेप्टेम्बर २०२३ मा अल फराज इन्टरनेसनल ओभरसिज प्रालिमार्फत साउदीको एलाइट सपोर्टिङ कम्पनी एलएलसी मा मेसन, टिब्वाई र लेबरका रूपमा पुगेका उनीहरूलाई सुरुमा केही महिना तलब दिइएको थियो । तर पछिल्ला नौ महिनादेखि आवासीय कार्ड (इकामा) नवीकरण नगरिएको, पाँच महिनादेखि तलब नदिइएको र दुई महिनादेखि बस्ने कोठामा बत्तीसमेत नबलेका कारण उनीहरूको अवस्था दयनीय बनेको थियो ।

उनीहरूको पीडाबारे नेपालबाट मध्यान्ह राष्ट्रिय दैनिकसहित विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशित भएपछि अन्ततः उद्धार सम्भव भएको समितिका सचिव मन सिन्जालीले जानकारी दिए ।

## नेपालीलाई...

थुनुवा भागेका छन् । युएईले उनीहरू आफ्नो मुलुक छिर्न सक्ने आंकलन गरेर अस्थायी रूपमा भिजिट भिसा रोकेको धेरैको आंकलन छ ।

युएईले आधिकारिक रूपमा नेपालीलाई भिजिट भिसा नदिने निर्णय नगरी भिसा जारी गर्ने ट्राभल्स एजेन्सीहरूलाई आन्तरिक सर्कुलर जारी गरेको छ । युएईले भिसाको काम गर्ने संस्थाहरूलाई नेपाली नागरिकको आवेदन लिन रोकेको बताइएको छ ।

युएईमा हाल ४ लाख बढी नेपाली कामदार कार्यरत रहेका छन् । सामान्यता नेपालीहरू एक वा तीन महिनाको भिजिट भिसामा युएई जाने, दलाललाई मोटो रकम खुवाएर काम खोजिसकेपछि कम्पनीमार्फत भिसा स्टाटस परिवर्तन गरी काम गर्ने गरेका छन् ।

तीन महिनाको अवधिमा कम्पनीमा काम पाउन नसके अधिकांश नेपालीले इरानको किस सहर गएर पुनः भिसा लिने गरेका थिए । इरानको किस सहर जान धेरै खचिलो हुने गरेको छ ।

भिजिट भिसामा गएकाहरू असुरक्षित र सधैंभरि जोखिमयुक्त अवस्थामा रहने गरेका छन् । युएईले भिजिट भिसा रोकेको अवस्थामा नेपालीहरू म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिएर सुरक्षित रूपमा जाने क्रम बढ्ने अनुमान गरिएको छ ।

## आफ्नै...

आर्थिक सुधारको मार्ग चित्र बुझाएको थियो । उनी नेतृत्वको आर्थिक सुधार आयोगले आर्थिक, प्रशासनिक, राजनीतिक, बैंकिङ, कानुनीदेखि पुँजी बजारलाई चलायनमान र सुधार गर्नुपर्ने सुझाव दिएको थियो । पुराना ऐनको खारेजीदेखि नयाँ कानुनको आवश्यकता पनि सो सुझावमा समेटिएको थियो ।

अर्थमन्त्री खनाल देशको अर्थतन्त्रलाई लय दिने, निजी क्षेत्रको मनोबल बढाउने, आगलागीबाट क्षति भएको संरचनाको पुनर्निर्माण र फागुन २१ गते चुनाव गराउने अन्तरिम सरकारको रोडम्यापलाई सफल पार्न सिंहदरबार प्रवेश गरेका हुन् । उनले राजनीतिक दबाबमा पारिएका बजेट, तयारी नभएका आयोजना र टुक्रे योजना कटौती गरेर झन्डै १ खर्ब स्रोत जुटाउन सकिने बताए । ‘निजी क्षेत्रबाट पनि सुझाव लिएर राजस्व प्राप्तिका लागि निजी क्षेत्रलाई खुसी बनाउनुपर्ने आवश्यकता छ, राजस्व असुलीमा धेरै क्रुर र दबाब दिने अवस्था बनाउनुहुँदैन । सेवामा सुधार गर्दै जाने हो भने राजस्व आफैं बढ्छ,’ अर्थमन्त्री खनालले भने ।

जेनजी आन्दोलनले उत्पन्न गरेको असुरक्षाले अहिले सबैभन्दा आक्रान्त निजी क्षेत्र बनेको छ । अर्थमन्त्री खनालसामु लगानी जोखिम र पुँजी पलायन रोक्दै लगानीकर्ताको मनोबल उच्च बनाउनुपर्ने चुनौती देखिन्छ ।

नयाँ सरकारको अर्थमन्त्रीले अर्थतन्त्र सुधारसँगै आमनागरिको मनोबल बनाउने खस्कन नदिने काम गर्नुपर्ने अर्थविद् डा. चन्द्रमणि अधिकारी बताउँछन् । उनले भने, ‘यो चुनावी सरकार भएकाले धेरै काम गर्न नसक्ला तर नेतृत्वमाथि विश्वास गर्ने वातावरण बनाउन अर्थमन्त्रीले ध्यान दिनुपर्छ ।’

यस्तै, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अर्थतन्त्र नजिकबाट बुझेका अर्थमन्त्री आएकाले निजी क्षेत्र केही आशावादी बनेको बताउँछन् । उद्योग व्यवसाय सञ्चालन गरेर कानुनी झमेला भोग्नुभन्दा विदेश जानु ठिक भन्ने भावना बढेको सन्दर्भ खनालले सरकारलाई दिएको प्रतिवदेनमै उल्लेख गरिएको थियो ।

यस्तै, पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री खनाल अर्थ मन्त्रालयको लामो अनुभव भएको व्यक्ति भन्दै राजस्व वृद्धि गर्ने र वैदेशिक सहयोगका लागि अनुकूल भूमिका खेल्न सक्ने बताउँछन् ।

**तत्काल समाधानका पाँच सुझाव**

- निर्माण व्यवसायीको सबै रकम भुक्तानी गर्ने
- अतिरिक्त व्यवसाय सञ्चालन थप कर्जा प्रवाह गर्ने
- व्यापारिक उधारो असुली ऐन जारी गर्ने
- समस्याग्रस्त सहकारीको सम्पत्ति बिक्री गरेर वा ऋण असुली गर्ने र ५ लाखभन्दा साना बचतकर्ताको निक्षेप फिर्तामा गर्ने
- पुँजीगत खर्च वृद्धि गर्न १० करोडभन्दा बढी रकम विनियोजन भएका सबै आयोजनाको अनुगमन

**आर्थिक सुधारका १० सुझाव**

- उत्पादनमूलक उद्योग, साना तथा लघुउद्यम व्यवसाय र निर्यातकर्ताहरूलाई ३ देखि ५ वर्ष अवधिको स्थिर ब्याजदरमा कर्जा
- भारतीय रुपैयाँसँगको स्थिर विनिमय दरको विकल्पमा छलफल
- पुराना १५ वटा ऐन खारेज गर्नुपर्ने
- राष्ट्रिय गौरवका आयोजनालाई पाँच वर्षभित्र सक्ने नीति लिनुपर्ने
- राजस्व अनुसन्धान विभाग खारेज गर्नुपर्ने
- सहरी क्षेत्रमा घर निर्माणको नक्सा स्वीकृति गर्दा अनिवार्य घरको बिमा
- सार्वजनिक संस्थानलाई ऋण नदिने
- नेपाल स्टक एक्सचेन्जको पुनसंरचना गरी पुँजीवृद्धिसँगै निजी क्षेत्रलाई सेयर सहभागिता
- स्थानीयस्तरमा पालिकाले स्थानीय खाद्यान्न बैंक सञ्चालन गर्ने र किसानको कृषि उपज भण्डारण गर्न दिने
- तीन तहकै सरकारले काठ र काठजन्य सामग्रीको प्रयोग गर्नुपरेमा अनिवार्य रूपमा स्वदेशी काठ र काठजन्य सामग्रीको प्रयोग गर्ने

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०८/२५ मा दर्ता भएको **प्रा. लि. नं. ३२४८९७/०८०/०८१** को श्री **एन्टि ह्युमन क्यालामिटी एसोसियसन अफ नेपाल** को मिति २०८२/०५/३० को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४, ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

“पर्यटकीय नगरी”

**सूर्योदय नगरपालिका**

**फिक्कल अस्पताल**

**फिक्कल, इलाम**

**कोशी प्रदेश, नेपाल**

**सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०५/३१**

यस कार्यालयबाट Procurement of Medicines and Related Items for Hospital Pharmacy Phase I (FH/NCB/SUPPLY01-082/083) आपूर्ति कार्यको लागि मिति २०८२/०४/०९ मा प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका सिलबन्दी बोलपत्रहरू मध्ये तपसिलमा उल्लेख भएका बोलपत्रहरू आइटम रेटका लागि न्यून मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| S. N. | Bidder’s Name and Address: | BOQ Item No: | Remarks |
|---|---|---|---|
| 1. | Aman Pharmacy, Birtamode Municipality-07, Jhapa | 4, 5, 16, 21, 48, 50, 51, 52, 55, 57, 59, 60, 63, 73, 74, 77, 78, 97, 98, 107, 108, 125, 126, 133, 139, 145, 146, 147, 157, 184, 191, 198, 216, 219, 220, 221, 222, 223, 224, 225, 228, 229, 236, 239, 241, 242, 243, 255, 283, 313, 317, 324, 327, 371, 392, 404, 412 and 418. | |
| 2. | Saubhagya Pharma Suppliers, Birtamode Municipality, Jhapa | 1, 2, 3, 8, 9, 10, 11, 19, 20, 24, 25, 26, 29, 30, 31, 51, 66, 67, 68, 70, 76, 79, 95, 111, 112, 117, 118, 135, 136, 140, 143, 144, 153, 156, 161, 171, 173, 175, 176, 177, 181, 183, 185, 193, 196, 197, 199, 200, 201, 209, 210, 211, 218, 226, 249, 252, 258, 259, 265, 276, 277, 280, 282, 284, 289, 290, 291, 294, 297, 299, 306, 310, 311, 316, 321, 354, 389, 396, 397, 398, 399, 400, 405, 409, 410, 413, 414, 416, 419, 420, 422, 424, 428 and 429. | |
| 3. | Kalima Drug Distributor, Arjundhara Municipality-11, Jhapa | 22, 23, 56, 84, 90, 102, 103, 105, 119, 120, 123, 124, 129, 130, 131, 132, 149, 150, 151, 152, 154, 155, 158, 159, 160, 162, 163, 164, 165, 194, 202, 250, 271, 307, 308, 310, 395, 411, 417 and 418 | |
| 4. | Nawatan Pharma, Birtamode Municipality-03, Jhapa | 7, 13, 17, 25, 28, 29, 30, 31, 42, 58, 69, 79, 80, 81, 82, 104, 109, 134, 137, 138, 142, 166, 167, 168, 195, 209, 218, 226, 302, 303, 304, 305, 390, 391, 402, 403 and 406 | |
| 5. | Shree Ganesh Drug House, Biratnagar, Morang | 14, 15, 18, 32, 33, 43, 44, 45, 49, 53, 54, 61, 62, 71, 72, 88, 89, 91, 92, 121, 122, 148, 169, 172, 174, 178, 180, 181, 190, 203, 204, 207, 217, 227, 230, 232, 234, 244, 245, 246, 247, 248, 251, 254, 262, 263, 264, 270, 274, 278, 279, 285, 286, 287, 288, 292, 293, 295, 298, 314, 315, 318, 319, 320, 322, 323, 325, 328, 329, 332, 333, 339, 341, 343, 345, 352, 353, 359, 360, 361, 362, 365, 367, 368, 369, 370, 372, 373, 374, 375, 376, 378, 379, 381, 382, 383, 384, 385, 387, 388, 393, 394, 407, 408, 415, 421, 423 and 427 | |

**कार्यालय प्रमुख**

# अझै ११ हजार कैदी फरार



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ

जेनजी आन्दोलनको क्रममा विभिन्न कारागारबाट १४ हजार कैदीबन्दीहरूमध्ये करिब ११ हजार अझै फरार रहेका छन्। उनीहरु नफर्केमा पक्राउ गर्नको लागि विशेष सुरक्षा अभियान चलाउने तयारी कारागार व्यवस्थापन विभागले गरेको छ।

विभागका अनुसार देशभरका २६ वटा कारागारमा कुल २९ हजार सात जना कैदीबन्दीहरू रहेकामा १३ हजार २०७ जना फरार भएका थिए।

बालसुधार गृहका समेत जोड्दा ३० हजार ४२९ कैदीबन्दी भएकामा १४ हजार १७१ जना भागेका थिए। त्यसमध्ये आइतबार रातीसम्म कारागारतर्फका दुई हजार ७९६ जना र सुधार गृहका २४४ जना गरी तीन हजार ४० जना फर्केका छन्। तिनीहरु मध्ये अधिकांश आफै फर्किएका हुन भने केहीलाई पक्राउ गरिएको हो।

**सुरक्षाका लागि टोल सुरक्षा समिति गठन**

कारागार तोडेर कैदीबन्दी भागेपछि असुरक्षाको वातावरण बनेको भन्दै गोकर्णेश्वर नगरपालिकाका विभिन्न वडामा टोल सुरक्षा समिति गठन हुन थालेको छ। समिति गठन गरी गस्तीसमेत गर्न थालिएको वडा नं. ५ का अध्यक्ष नारायणबहादुर सुवेदीले जानकारी दिए।

नगरपालिकाले नौ वटै वडामा नगर प्रहरीलाई गस्तीमा खटाएको छ। विशेषगरी रातको समयमा नगर प्रहरीलाई गस्तीमा खटाइएको उनले बताए।

वडा कार्यालयले सरोकारवालासँग सुरक्षा सम्बन्धमा छलफलसमेत सुरु गरेका छन्। प्रदर्शनकारीले जलाएका, बिगारेका, फुटाएका पोलका बत्ती र सिसी क्यामेरा अनुगमन गरी छिट्टै मर्मत सुरु गरिने उनले बताए। वडा कार्यालय, जोरपाटी स्वास्थ्य चौकी र जोरपाटी प्रहरी बिट रहेको भवनको सरसफाइ तथा प्रारम्भिक मर्मत पनि सुरु गरिएको नगरपालिकाले जनाएको छ।

# मेरो कर्म बिरामीको सेवा हो राजनीतिमा संलग्न हुन्न : डा. रुइत



**काठमाडौं/मस-** वरिष्ठ नेत्ररोग विशेषज्ञ डा.सन्दुक रुइतले राजनीतिमा प्रवेश गर्ने सम्भावना नरहेको बताएका छन्।

उनले एक विज्ञप्ति जारी गरी 'जेनजी' आन्दोलनपछि बनेको अन्तरिम सरकारमा मन्त्री बन्ने चर्चा हल्लामात्र भएको बताएका हुन्।

डा.रुइतले लामो चिकित्सकीय यात्रामा साथ दिँदै आएका नेपालीबाट भविष्यमा पनि सद्भाव, साथ र माया पाइरहने विश्वास व्यक्त गरे। 'मलाई प्रत्येक राजनीतिक उथलपुथलपछि कुनै न कुनै पदमा बसेर नेतृत्व गर्न आग्रह आउने गरेको छ, तर म स्पष्ट छु मेरो कर्म भनेको नेपाली र संसारभरका बिरामीलाई आफ्नो सीप, ज्ञान र समय दिएर सेवा गर्नु हो', विज्ञप्तिमा भनिएको छ।

डा.रुइतले सबै नागरिकले आ-आफ्नो पेसा, कर्म र व्यवसायमा इमानदारीपूर्वक लागे मुलुकको अवस्था परिवर्तन गर्न धेरै समय नलाग्ने बताए। आफू निरन्तर चिकित्सकीय पेसामार्फत नागरिक सेवामा तल्लीन रहने उनको भनाइ छ।

# उपभोग्य वस्तुको आपूर्ति सहज बनाउन उद्योग मन्त्रालयको आग्रह




**काठमाडौं/मस-** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दैनिक उपभोग्य सामग्री तथा पेट्रोलियम पदार्थको अभाव नहुने जनाएको छ। मन्त्रालयले विज्ञप्ति जारी गर्दै उपभोग्य वस्तुको माग, आपूर्ति र मूल्यमा प्रतिकूल प्रभाव पर्न नदिन र अत्याधिक वस्तु अनावश्यक सञ्चित नगर्न/नगराउन अनुरोध गरेको छ।

बजार अनगुमनलाई प्रभावकारी बनाउने र उपभोक्ता अधिकार हनन् तथा दैनिक उपभोग्य वस्तुको आपूर्ति शृङ्खलामा अवरोध गर्नेलाई कारबाही गरिने मन्त्रालयले जनाएको छ। चाडपर्व लक्षित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत् देशभर आजैदेखि १५३ ठाउँबाट सहुलियत मूल्य पसल सञ्चालन गरिएको उल्लेख छ।

हालै मुलुकमा उत्पन्न विशेष परिस्थितिबाट समग्र उद्योग, वाणिज्य, व्यापार तथा आपूर्ति क्षेत्रमा परेको प्रभावका साथै नजिकिँदै गएको चाडपर्वमा गर्नुपर्ने आपूर्ति तथा बजार व्यवस्थापनका सम्बन्धमा मन्त्रालयले सोमबार निजी क्षेत्रका प्रतिनिधिसँग छलफलसमेत गरेको थियो। छलफलमा सरकारी संरचना र निजी व्यावसायिक संस्थामा भएको आगजनी, तोडफोड र क्षतिको एकीकृत विवरण तयार गर्ने निर्णय भएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता जितेन्द्र बस्नेतले जानकारी दिए।

# उपनिर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम रद्द

**काठमाडौं/मस-** निर्वाचन आयोगले रुपन्देही निर्वाचन क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्य उपनिर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम रद्द गरेको छ। राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रतिनिधिसभाको विघटन गरी आगामी फागुन २१ गतेका लागि नयाँ प्रतिनधिसिभाको निर्वाचन गर्ने मिति तोकिएसँगै उपनिर्वाचन रद्द गरिएको आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम आगामी कात्तिक १७ गते सोमबार रुपन्देही क्षेत्र नं ३ मा उपनिर्वाचनको मिति तोकेको थियो।

# नेपाल मगर संघ मलेसिया क्षेत्रीय समितिको ९औं अधिवेशन हुँदै

**तिलोचन गौतम/मध्यान्ह**
पेनाङ, मलेसिया, ३० भदौ




नेपाल मगर संघ मलेसिया क्षेत्रीय समिति पेनाङले आफ्नो ९औं अधिवेशन तथा सांस्कृतिक कार्यक्रम यही अक्टोबर १९ तारिख आइतबार हुने भएको छ।

कार्यक्रमलाई सफल र गरिमामय बनाउन संघले मलेसियाभर रहेका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीलाई हार्दिक निमन्त्रणासहित विशेष उपस्थितिका लागि अनुरोध गरेको छ। संघका अध्यक्ष विरस पुन मगरले सबै सदस्य, शुभचिन्तक र साथीभाइलाई कार्यक्रममा सहभागी भई यसलाई सफल पारिदिन आग्रह गरेका छन्।

अधिवेशन तथा सांस्कृतिक कार्यक्रमको प्रमुख अतिथिका रूपमा नेपाल मगर संघ केन्द्रीय समितिका सहअध्यक्ष ज्ञान बहादुर थापा मगर रहने कार्यक्रम तय गरिएको छ। त्यस्तै, नेपालबाट विशेष प्रस्तुतीका लागि चर्चित गायिका उर्मिला पुलामी मगर र चर्चित मोडेल विजय पुन पनि उपस्थित हुनेछन्। उनीहरूले सांस्कृतिक कार्यक्रमलाई झनै आकर्षक र मनोरञ्जनात्मक बनाउन योगदान दिनेछन्।

नेपाल मगर संघ पेनाङ क्षेत्रीय समितिका अनुसार यो कार्यक्रम केवल अधिवेशन मात्र नभई सांस्कृतिक विविधता, परम्परा र एकताको उत्सव हुनेछ। विभिन्न सांगीतिक प्रस्तुति, नृत्य, र सांस्कृतिक गतिविधिहरूमार्फत मगर समुदायको सांस्कृतिक धरोहर प्रस्तुत गरिनेछ।

आयोजक समितिले यसलाई पेनाङमा रहेका नेपाली समुदायबीच एकता, सहकार्य र पहिचानको अवसरको रूपमा उपयोग गर्न सकिने विश्वास व्यक्त गरेको छ।

# फिर्ता हुन थाले लुटिएका चामल र चिनी



**सिरहा/मस-** सिरको लहान नगरपालिका-१ स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीको गोदामबाट लुटपाट गरिएको खाद्यान्न प्रशासनको कडा उर्दीपछि फिर्ता हुन थालेको छ।

जेनजी आन्दोलनका क्रममा गत मंगलबार दिउँसो कम्पनीको गोदामबाट चामल, चिनी लुटपाट भएको थियो। इलाका प्रशासन कार्यालय लहानका प्रशासकीय अधिकृत सन्तोष रायका अनुसार, लुटपाटको घटनाले राष्ट्रियस्तरमै लहानको बेइज्जत गराएको भन्दै कार्यालयले कडा निर्देशन जारी गरेपछि फिर्ता हुन थालेको हो। उनले भने, 'हामीले उर्दी जारी गरेका थियौं फिर्ता गर्नका लागि। फिर्ता नगर्नेलाई सिसिटिभी फुटेज र सामाजिक सञ्जालमा उपलब्ध फोटो भिडियोका आधारमा पहिचान गरी कानुनी कारबाही गरिनेछ भनेर।' उनका अनुसार स्थानीय युवाहरूको सक्रियतामा चामल र चिनी क्रमशः फिर्ता हुन थालेको हो। केही व्यक्तिले स्वयं आएर र केहीले स्थानीय युवाको माध्यमबाट आइतबार चामल र चिनी फिर्ता गरेका हुन्। खाद्य कम्पनी लहान शाखाका सूचना अधिकारी अनिलकुमार महतोका अनुसार, आइतबार बेलुका ९ बजेसम्म ७१ क्विन्टल चामल र करिब १८ क्विन्टल चिनी फिर्ता भएको छ।

'फिर्ता गर्नेको प्रतिष्ठालाई ध्यानमा राखेर नाम भने गोप्य राखिएको छ', महतोले भने।

विवरणअनुसार, चार वटा गोदाममा भण्डारण गरिएको आठ हजार १ सय ४८ क्विन्टल चामल, ३ हजार २ सय २० क्विन्टल चिनी, ५३ क्विन्टल २१ किलो धान र ९८ हजार ८ सय १५ थान जुटका बोरा लुटिएका थिए। उहाँका अनुसार यसको अनुमानित मूल्य रु १० करोड ९१ लाख २२ हजार ८ सय २७ बराबर रहेको छ।

खाद्यान्नलाई सुरक्षित राख्न प्रयोग गरिने विशेष प्रकारका 'फ्युमिगेसन सिट' लुटिएको छ। महतोका अनुसार, ती सिटहरू अत्यन्तै भारी हुने र उठाउन कम्तीमा १० जनाको आवश्यकता पर्दछ। यस्तो सिट खाद्य कम्पनीसँग मात्रै रहेको जनाइएको छ। लुटपाटको क्रममा कार्यालय परिसरमा राखिएको कार र मोटरसाइकलमा आगजनी गरिएको छ।

खाद्यकर्मीको 'क्वार्टर' बाट ल्यापटप, खाना पकाउने दुई थान ग्यास सिलिन्डर तथा मोबाइलसमेत लुटिएको छ।

यसअघि २०६३ को मधेस आन्दोलनसहित अन्य विभिन्न आन्दोलनका क्रममा गरी हालसम्म तीनपटक लहानको खाद्य कम्पनीमा लुटपाट भइसकेको छ।

# अर्घाखाँचीका किसानद्वारा सिंहदरबार पुनर्निर्माण गर्न १ लाख सहयोग




**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३० भदौ

अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका-२ का किसान तुलसीराम अधिकारीले प्रधानमन्त्री दैवी प्रकोप सहयोग कोषमा १ लाख १ सय रुपैयाँ जम्मा गरेका छन्। कृषि पेसाबाट कमाएको आम्दानी नै उक्त कोषमा अर्पण गर्दै अधिकारीले आफ्नो भावनासहित भने,'सिंहदरबार जल्दा मेरो आस्था पनि जलेको जस्तो लाग्यो, अब सबै मिलेर जुरुक्क उठाउनुपर्छ। सबैले सकेको सहयोग गर्नुपर्छ।'

प्रमुख जिल्ला अधिकारी गोपाल प्रसाद अर्यालले अधिकारीको सहयोगलाई प्रशंसा गर्दै धन्यवाद व्यक्त गर्नुभयो। उनले कृषि आम्दानीबाट आएको रकम पुनर्निर्माणमा ठूलो टेवा पुग्ने विश्वास व्यक्त गरे।

सरकारी संरचनामा क्षति पुगेपछि पुनर्निर्माणका लागि आम नागरिकबाट भइरहेको सहयोग अभियानमा अधिकारीको योगदान प्रेरणादायी मानिएको छ।

# जापानिज इन्सेफ्लाइटिसका कारण पाँच जनाको मृत्यु



**चितवन/मस-** चितवनमा जापानिज इन्सेफ्लाइटिसका कारण पाँच जनाको मृत्यु भएको छ। सङ्क्रमित १६ जनामध्ये उनीहरूको मृत्यु भएको हो। जनस्वास्थ्य कार्यालय चितवनका आनुसार पछिल्लो पटक भदौ २३ गते एक जनाको मृत्यु भएको थियो।

कार्यालयका प्रमुख दिनेश रुपाखेतीका अनुसार मृत्यु हुनेमा राप्ती नगरपालिकाका ४२ वर्षीया महिला रहेकी छन्। जिल्लामा यसअघि मृत्यु हुनेमा भरतपुर महानगरपालिका-२२ का ७० वर्षीय वृद्ध, कालिका नगरपालिका-५ का ८९ वर्षीय वृद्ध, राप्ती नगरपालिका-१२ की ७० वर्षीया वृद्धा र भरतपुर महानगरपालिका-१२ की ८१ वर्षीया वृद्धा रहेका थिए। उनीहरूको साउनयता मृत्यु भएको हो। गत आर्थिक वर्षमा चितवनमा देखिएका तीन जना सङ्क्रमितमध्ये एक जनाको मृत्यु भएको थियो।

जापानिज इन्सेफ्लाइटिस भरतपुर महानगरपालिका, कालिका नगरपालिका, राप्ती नगरपालिका, खैरहनी नगरपालिका र माडी नगरपालिकाका व्यक्तिमा देखिएको छ। यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो। यो लामखुट्टे घरबाहिर बस्न रुचाउने, घरबाहिर नै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ। यो लामखुट्टेले सुँगुर, बङ्गुर, हाँसजस्ता पशुपक्षीलाई टोक्यो भने सर्दछ। धानखेतीमा समेत यस लामखुट्टेले अण्डा पारेर लार्भा बनाउने गरेको कार्यालयका प्रमुख दिनेश रुपाखेतीले जानकारी दिए।

# आमाबुबा गुमाएका पाँच बालबालिका समस्यामा

**बैतडी/मस-** बैतडीको सिगास गाउँपालिका-२ पिडेगोदा गाँजरीकी ३४ वर्षीया बेलमती धामीका पाँच छोरोछोरीको बिचल्लीमा परेका छन्।

यही भदौ २२ गते राति बेलमतीका भतिजा यज्ञसिंह धामीले बञ्चरो प्रहार गरेर काकीको हत्या गरेको बताइएको छ। चार वर्षअघि जण्डिस रोगबाट श्रीमान् गुमाएकी बेलमतीसमेत नरहेपछि पाँच छोराछोरीको बिचल्ली भएको हो। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक बलराम पाण्डेयले हत्यामा संलग्न यज्ञसिंह पक्राउ गरेर कर्तव्य ज्यान मुद्दा दर्ता भइ आवश्यक अनुसन्धान भइरहेको जानकारी दिए।

आमाबुवा दुवै गुमाएका बालबालिकाको घरमा कोही पनि अभिभावक नरहेको मृतक बेलमतीका भाइ केशव विष्टले जानकारी दिए।

उनले भने,'दिदीको मृत्यु भएपछि बालबालिकाको बिचल्ली भएको छ।घरमा रेखदेख गर्ने मान्छे कोही पनि छैन्। निकै समस्या भएको छ।' घरको साहरा ढलेपछि अहिले बालबालिकालाई सम्हालिन निकै समस्या भएको स्थानीय सूर्यबहादुर बोहराले बताए। बेलमतीकी जेठी छोरी कक्षा ९ मा पढ्छिन्। अब बाँकी तीन बहिनी र एक भाइको पालनपोषण गर्ने जिम्मा उनकै काँधमा आएको छ।


**कतारमा रोजगार**

कम्पनी: SUNRISE CLEANING SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८२/०५/०४ चलानी नं.: ६०२२१०६० LT. No.: 306384 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 2 | 1 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Ground Steward | 7 | 0 | | 1500 | ५७,८४० | | | | | | | |
| 3. | Supervisior | 2 | 0 | | 2500 | ९६,४०० | | | | | | | |
| 4. | Waiter | 6 | 0 | | 1500 | ५७,८४० | | | | | | | |

कम्पनी: Sunrise Cleaning Services — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८१/११/०५ चलानी नं.: ६०२३३१९६ LT. No.: 319040 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 5 | 1 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 8 | 1 | | 1500 | ५७,८४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ७ गते (23 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**रोयल ओभरसिज नेपाल प्रा.लि.**
श्रम इजाजत नं. १६६/०५६/०५७
लाजिम्पाट काठमाडौं। फोन नं. ०१-४५२११५६/४५३२२४४। फ्याक्स नं: ०१-४५३००३३

**कुवेतमा रोजगार**

कम्पनी: ALLURE BEAUTY CARE LADIES BEAUTY SALON CO — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०५/३० चलानी नं.: ६०२४४८६२ L.T. No.: 331131

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | स. काममा दक्ष | 150 | ६९,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ७ गते (23 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt Lic. NO. 647/063/064
**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

**UAE मा रोजगार**

कम्पनी: TAWASUL TRANSPORT LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०६/२३ चलानी नं.: ६०२२६५१८ LT. No.: 312131 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Duty Drivers(Taxi Driver) | 103 | 0 | स. काममा दक्ष | 1600 | ६१,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ७, ८ र ९ गते (23, 24 & 25 September 2025) मा हुनेछ।
अन्तर्वार्ता डोल्से रेष्टुरेन्ट बुटवल, रूपन्देहीमा २०८२ असोज ७ गते (23 September 2025) मा हुनेछ।
अन्तर्वार्ता जनप्रिय थकाली भान्सा घर कास्कीमा २०८२ असोज ८ गते (24 September 2025) मा हुनेछ।

कम्पनी: AL FAJER FACILITIES MANAGEMENT L.L.C. — शहर: Dubai
पूर्व स्वीकृत मितिः २०८१/०९/२८ चलानी नं.: ६०२३१२५० LT. No.: 316987 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 90 | 39 | सम्बन्धित काममा दक्ष | 800 | २९,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Life Guards | 20 | 0 | | 1200 | ४४,८४४ | | | | | | | |
| 3. | Security Guard | 50 | 0 | | 1200 | ४४,८४४ | | | | | | | |

अन्तर्वार्ता डोल्से रेष्टुरेन्ट बुटवल, रूपन्देहीमा २०८२ असोज ७ गते (23 September 2025) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ८ गते (24 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीको रु. १०,००० अन्यको निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

मध्यान्ह
www.madhyanhadaily.com
३१ भदौ २०८२ मंगलबार
16 September 2025 Tuesday

## सम्पादकीय

### नेपाल प्रहरीको मनोबल बढाऊ

जेनजी विद्रोह (२३–२४ भदौं)पछि जनजीवन सामान्य बन्दै छ । तर आन्दोलन भड्किँदा पीडित र आमनागरिकले आक्रोश पोखेको नेपाल प्रहरीको मनोबल नराम्ररी गिरेको छ । २४ भदौमा नेपाल प्रहरीसँग आमनागरिकको आक्रोश त छँदै थियो । त्यसैमा अराजक समूहहरू थपिएका थिए । संसद् भवन सुरक्षार्थ खटिएका प्रहरीको अस्वाभाविक बल प्रयोगको रिस उनीहरूले देशभरका प्रहरी कार्यालयमा पोखिरहेका थिए । सयौं प्रहरी त्यसको मारमा परे । ठाउँठाउँमा उनीहरूको बर्दी मात्र उतारिएनन्, निर्मम र अमानवीय ढंगले हत्यासमेत गरियो । पोसाक र बुट मात्र होइन, प्रहरीका हतियारसमेत खोसेर प्रदर्शन गरिए । त्यो कठिन परिस्थितिमा नेपाल प्रहरीले न अन्य सुरक्षा फौजको साथ पाए, न त आमनागरिक प्रहरीको पक्षमा उभिए । सर्वसाधारणसँग सबैभन्दा नजिकको सुरक्षाकर्मीमाथि जुन ढंगले आक्रमण गरियो, त्यसबाट सयौं प्रहरीचौकी आक्रमण, लुटपाट र आगजनीको सिकार बने । जसका कारण हजारौं प्रहरी कार्यालयविहीन हुन पुगेका छन् । विनाबर्दी ड्युटीमा खटिएका दृश्यहरू राजधानी काठमाडौंमा देखिएको छ ।

शान्तिपूर्ण भनिएको जेनजी आन्दोलन भड्किएर बल प्रयोग गर्ने स्थिति आउनु पक्कै पनि सुखद थिएन । स्कुल, कलेजका कलिला किशोरकिशोरीसमेत सहभागी आन्दोलनमा जसरी बर्बर दमन गरियो, त्यो सबैभन्दा ठुलो दुर्भाग्य थियो । त्यो परिस्थिति आउनुमा को–कति जिम्मेवार रहे भन्ने समीक्षा इतिहासले गर्ला । त्यसभन्दा पहिले अन्तरिम सरकारले सोमबार न्यायिक छानबिन गर्ने नीतिगत निर्णय गरिसकेको छ । तर अहिले नै प्रहरी कार्यालय पुनर्स्थापना र सेवा सञ्चालनका कठिनाइ उत्पन्न भइसकेको छ । दशक लामो सशस्त्र द्वन्द्वपछि गाउँगाउँ र टोलटोलमा पुगेको प्रहरी सेवा नराम्ररी प्रभावित भएको छ ।

अराजक हिंसापछि टोलमा चोरी र लुटपाट बढ्न थालेपछि सर्वसाधारण आफैंले गस्ती गर्न थालेका छन् । आफ्नै टोलबस्तीमा अकारण प्रहरीचौकीमाथि आक्रमण हुँदा गुहार दिनसमेत नसकेकामा स्थानीय बासिन्दामा ठुलो पछुतो देखिन्छ । त्यसैले उठेका चौकी फर्काउन डेलिगेसन जाने र भताभुंगचौकी सरसफाइ र मर्मतमा सहयोग गर्न थालेका छन् ।

विधिको शासन र कानुनीराज कागजमा भएर मात्र हुँदैन । त्यसलाई कार्यान्वयन गर्न र आमनागरिकले सुरक्षाको प्रत्याभूति गर्न सुरक्षाका अंगहरू व्यवस्थित ढंगले परिचालन हुनुपर्छ । राज्यका ती निकायहरूले उच्च मनोबलका साथ सेवा दिनुपर्छ । त्यसका लागि अहिले नेपाल प्रहरीको मनोबल बढाउनुपर्ने खाँचो छ । नेपाल सरकारले प्रहरीचौकी मर्मत र अस्थायी बन्दोबस्त मिलाएर भए पनि आफ्नै कार्यालयबाट सेवा प्रदान गर्ने वातावरण बनाउनुपर्छ । जनआक्रोश र अराजक समूहको आक्रमणमा परी घाइते भएका प्रहरीको उपचारको उचित प्रबन्ध मिलाउनुपर्छ । प्रहरीको मनोबल बढाउन सरकार मात्र होइन, निजी क्षेत्र तथा आमनागरिकले पनि आवश्यक सहयोग गर्नुपर्छ । तब मात्र शान्ति सुरक्षा र अमनचयनका लागि 'प्रहरी मेरो साथी' भन्ने नाराले सार्थकता पाउनेछ ।

# जेनजी आन्दोलन र आगामी बाटो

*नेपालको वर्तमान चुनौतीपूर्ण छ तर निराश भइहाल्नुपर्ने अवस्था छैन । देशमा भएको हालैको परिवर्तनले युवा विद्यार्थीले पनि नेतृत्वदायी भूमिका खेल्दै छन् भन्ने कुराको नयाँ आशा पलाएको छ ।*

अग्रलेख



● कुशुम तिवारी पाठक

जेनजी युवा विद्यार्थीद्वारा भदौ २३ र २४ गतेको शान्तिपूर्ण भनिएको तर हिंसात्मक हुन पुगेको आन्दोलन सफल भयो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठनसमेत भइसकेको अवस्था छ । केही दिनमा सरकारले पूर्णता पाउने देखिन्छ । संसद्समेत विघटन भई निर्वाचनको मिति समेत घोषणा भएको छ । तथापि पुराना राजनीतिक दलहरूले यसको समर्थन भने गरेका छैनन् । देशका सबै संवैधानिक निकायका साथै कैयौं सरकारी र निजी क्षेत्रका व्यावसायिक संरचना तहसनहस हुँदा खर्बौंको क्षति भएको छ । एकातर्फ, देश राजनीतिक र आर्थिक रूपमा अस्थिर बनेको छ भने अर्कोतर्फ हालको अपूरणीय मानवीय र भौतिक संरचनाको क्षतिले देश १५/२० वर्ष पछाडि धकेलिएको छ भन्नेहरूको पनि कमी छैन । तर सबैको इच्छाशक्ति भयो भने पुनर्निर्माणले गति लिन सक्नेछ भन्ने कुरामा आशावादी हुन सकिन्छ । राजस्वको कमीले साधारण खर्चस्वरूप विगतमा समेत कर्मचारीको मासिक तलब र पेन्सन खुवाउन धौधौ परेको सरकारले आगामी दिनमा कसरी यो समस्या थेग्ला भन्नेमा आमकर्मचारी चिन्तित देखिन्छन् ।



संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि राजनीतिक स्थिरताको खोजीमा रहेको देश अब के हुने हो भन्ने अन्योलता कायमै छ । हालको संविधानका कैयौं धारामा परिवर्तनको आवश्यकता पर्न सक्ने देखिन्छ । हाल भइरहेको संविधान कार्यान्वयनमा आए पनि राजनीतिज्ञहरूको अदूरदर्शी नीति, सुशासनको कमी र भ्रष्टाचारको कारण देशको अर्थव्यवस्था कमजोर हुँदा धेरै चुनौती थपिएको छ । दलगत राजनीति, नीतिगत अस्थिरता, कमजोर शासन प्रणाली, विकास कार्यमा अवरोध, पुँजीगत खर्चको अभावलगायतले वर्तमान सत्ता ढली जेनजीको मागअनुसार नयाँ सरकारसमेत गठन भइसकेको छ ।

नेपालको अर्थतन्त्र मुख्यतः कृषि, पूर्वाधार निर्माण, विदेशबाट प्राप्त विप्रेषणमा अडिएको छ । युवा शक्ति बिदेसिनुपरेको अवस्था, रोजगारीको अभाव, महँगी र औद्योगिक विकास नहुनु अर्थतन्त्रका प्रमुख समस्या हुन् । व्यापार घाटा ठुलो छ र देशभित्र नै उत्पादन क्षमता कमजोर छ । तथापि पर्यटन, सूचना प्रविधि र ऊर्जा क्षेत्रमा ठुलो सम्भावना देखिएको छ र डिजिटल अर्थतन्त्रले पछिल्लो समय गति लिएको छ । सामाजिक चेतना बढेको छ । शिक्षा, स्वास्थ्य, सञ्चार र सूचनाको पहुँचले ग्रामीण क्षेत्रहरूमा पनि परिवर्तन आएको छ । जातीय भेदभाव, क्षेत्रीयता र लैंगिक असमानताजस्ता गहिरा समस्या अझै बाँकी रहेको हुँदा यसको सुधारमा नयाँ अन्तरिम सरकारले ध्यान दिनुपर्ने देखिन्छ ।

सामाजिक सञ्जालले सकारात्मक र नकारात्मक दुवै प्रभाव गरिरहेको छ । मोबाइल, इन्टरनेटको प्रसार, डिजिटल भुक्तानी प्रणाली र ई-सरकारी सेवाको सुरुवातले देशलाई डिजिटलीकरणतर्फ लगेको भए तापनि हालैको आन्दोलनले सबै जसो क्षति भएको हुँदा यसको पुनर्निर्माण त्यतिकै चुनौतीपूर्ण देखिन्छ ।

#### विश्वविद्यालयमा बढ्दो राजनीति

विश्वविद्यालयप्रति विद्यार्थी आकर्षण बढाउने हो भने राजनीतिक दलहरूले दलीय भागबन्डा अन्त्य गर्नुपर्छ । आशा छ, हालको अन्तरिम सरकारले यो कुरामा सुधार ल्याउनेछ । योग्यता, दक्षता, क्षमता र विषय विज्ञताका आधारमा विश्वविद्यालयका विभिन्न पदमा नियुक्ति गर्ने परिपाटीको विकास भएमा गुणस्तरीय शिक्षा टाढा छैन । विद्यार्थी, विश्वविद्यालय पदाधिकारी, क्याम्पस प्रमुख एवं कर्मचारीबीच मित्रवत् व्यवहारले मात्र गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने हुँदा यसतर्फ अन्तरिम सरकारको ध्यान जानुपर्दछ ।

ताला बन्दी, थुनछेक, धरपकड, लडाइँ, झगडा विश्वविद्यालय समस्यामा पर्दै आएका छन् । ज्ञान उत्पादन गर्ने थलोमा दिनहुँ कर्मचारी, प्राध्यापकलगायतमा त्रास सिर्जना भएको छ । गाउँदेखि शिक्षा लिन आएका विद्यार्थीको भविष्य के होला भन्नेतर्फ सरोकारवालाको चासो जानु जरुरी छ । कुनै पनि पदाधिकारी वा उपकुलपति कुनै न कुनै पार्टीको छत्रछायामा रहनुपर्ने परिपाटीले भविष्यमा विश्वविद्यालयको हवीगत के होला भनेर प्रश्न गर्नेबेला आएको छ । नेपालमा जति पनि दल छन्, केहीबाहेक अधिकांशका आ-आफ्नै पक्षमा विद्यार्थी संगठन रहेको देखिन्छ । विद्यार्थी संगठन हुनु राम्रो हो तर यो एक मात्र आधिकारिक हुनुपर्छ । तर पार्टी-पार्टीअनुसार च्याउझैं उम्रेका संगठनको बलमिच्याइँले गर्दा शैक्षिक वातावरण बिग्रिएको देखिन्छ ।

वर्षौंदेखिको सबैको चाहना विश्वविद्यालयको शैक्षिक वातावरण राम्रो होस्, पूर्णकालीक प्राध्यापक अन्य कलेजमा क्लिनिकका रूपमा काम गर्न नजाऊन्, विश्वविद्यालयलाई अनुसन्धानको थलो बनाइयोस्, विद्यार्थीका लागि चाहिने पुस्तकालय प्रविधिमैत्री होस् र २४सै घण्टा खुला होस्लगायत रहेको थियो । तर पछिल्लो समय विद्यार्थीहरूले नै आफ्ना गुरु कुटपिट गर्ने, तालाबन्दी गर्नेजस्ता विवादास्पद अवस्था किन आयो भन्नेतर्फ सम्बन्धित निकायको बेलैमा ध्यान जानु जरुरी छ ।

गुणस्तरीय शिक्षाको अभावले विद्यार्थी पलायन रोकिएको छैन । राजनीतिक शक्ति र पाखुराको बलमा पद हत्याउने प्रवृत्ति स्थापित भइरहेको छ । यसले गर्दा विद्यार्थी अभाव दिन प्रतिदिन बढिरहेको हुँदा नयाँ अन्तरिम सरकारले यसतर्फ बेलैमा ध्यान दिनु जरुरी छ ।

#### विद्यार्थीको भविष्य

हालैको आन्दोलनको प्रभाव स्वरूप विश्वविद्यालयले विद्यार्थीको अध्ययन-अध्यापन तिहारपछि गर्ने गरी सूचना गरेको छ भने अन्य निजी क्षेत्रका स्कुल र कलेजहरूको अध्ययन-अध्यापनको अवस्था पनि पछि धकेलिन पुगेको छ । विभिन्न परीक्षासमेत पछाडि धकेलिँदा विद्यार्थीको भविष्यसमेत अन्योलमा पुगेको देखिन्छ ।

विद्यार्थीहरू नै देशका भविष्य भएको कुरा केही दिनअघिको जेनजीको आन्दोलन र यसको सफलताले नै प्रमाणित गरेको छ । तथापि विद्यार्थीहरूको अगाडि धेरै चुनौती यथावत् छन् । जसमा शिक्षा पूरा गरेर पनि उपयुक्त रोजगारी नपाउनु, शैक्षिक पाठ्यक्रम र व्यावहारिक ज्ञानबीचको खाडलले व्यावसायिक र गुणस्तरीय शिक्षाको अभाव, योग्य युवाहरू राम्रो अवसरको खोजीमा मस्तिष्क पलायन स्वरूप बिदेसिनुपर्दा देशलाई ठुलो क्षति, 'पढेर के हुन्छ र ?' भन्ने निराशावादी सोचले युवाको उत्साह मर्नु आदि छन् ।

त्यसो त अवसर पनि नभएको होइन । केही अवसर हरूमा डिजिटल र सिर्जनशील अर्थतन्त्रको विकासले स्वदेशमै रोजगारीको अवसर सिर्जना भइरहेको, इन्टरनेट र सामाजिक सञ्जालले विद्यार्थीको सोच र दायरा फराकिलो हुँदै गएको, पर्यटन, कृषि, जलस्रोत, हस्तकलाको क्षेत्रमा नेपालमा प्रशस्त अवसर जीवित छन् ।

नेपालको वर्तमान चुनौतीपूर्ण छ तर निराश भइहाल्नुपर्ने अवस्था छैन । देशमा भएको हालैको परिवर्तनले युवा विद्यार्थीले पनि नेतृत्वदायी भूमिका खेल्दै छन् भन्ने कुराको नयाँ आशा पलाएको छ ।

विद्यार्थीहरूले आफ्नो शिक्षालाई केवल डिग्रीका लागि होइन, व्यावहारिक ज्ञान र कौशल विकासका लागि पनि केन्द्रित गर्नुपर्छ । परम्परागत सोचलाई छाडेर नयाँ क्षेत्रहरूमा आफूलाई प्रशिक्षित गर्नुपर्छ । देशभित्रै रहेर विभिन्न क्षेत्रमा नयाँ मार्ग सिर्जना गर्न सकिन्छ । आवश्यकता छ नयाँ सोच, कडा परिश्रम र इच्छाशक्तिको - जसले मात्र देशमा विद्यार्थीको भविष्य सुनिश्चित हुनुका साथै देशको अर्थतन्त्रले समेत कोल्टे फेर्नेछ । विद्यार्थीहरू नै देशको नयाँ ऊर्जा भएको हुँदा उनीहरूको सिर्जनशीलता, प्रविधिको ज्ञान र देशप्रतिको प्रेमले आगामी दिनमा देशलाई एक नयाँ मार्गमा लैजाने कुरामा कसैको विमति नरहला ।

## इतिहासमा आज

१६ सेप्टेम्बर २०१५ मा चिलीको इलापेल सहरमा ८.३ मेगावाटको भूकम्प जाँदा १५ जनाको मृत्यु भएको थियो भने कम्तीमा ३४ जना घाइते भएका थिए । जसले अर्बौंको भौतिक क्षति पनि भएको थियो ।




१६ सेप्टेम्बर २०२२ मा लेट यिट कोन नरसंहारका क्रममा म्यानमारको सागाइङ क्षेत्रमा रहेको एक विद्यालयमा आक्रमण गरेपछि बर्मी सेनाले आठ बालबालिकासहित १३ गाउँलेहरूलाई मारेका थिए ।



१६ सेप्टेम्बर २००७ मा १३० चालक दल र यात्रु बोकेको वान-टु-गो एयरलाइन्सको उडान २६९ थाइल्यान्डमा दुर्घटनाग्रस्त भएको थियो । जसमा ९० जनाको मृत्यु भएको थियो ।



१६ सेप्टेम्बर १९९० मा जनवादी गणतन्त्र चीन र काजाकिस्तान बीचको रेलमार्ग दोस्तिकमा सम्पन्न भएको थियो । जसले युरेसियन ल्यान्ड ब्रिजको अवधारणामा ठुलो लिंक थप्यो ।



# ढलेको छ 'लोभतन्त्र'

टिप्पणी



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

*लोकतन्त्रमा जनताको मुख थुनेर आफूले एकलौटी रजाइँ गर्न उद्यत कुकर्मीहरूलाई जनताले पाखा लगाएका छन् । तर के गर्नु संरचना कुनै बाँकी छैनन्, देश शून्य भएको छ । विदेशीको मुख ताक्दा तिनको गुलामी गर्नुपर्छ । अतः आधा पेट खान तयार होऔं तर आफ्नै बुद्धि र विवेक प्रयोग गरौं ।*

राजनीतिकर्मीहरूले भनेको लोकतन्त्र वास्तवमै 'लोभतन्त्र' थियो र तीन दशक नाघेपछि त्यो परिपक्व भई ढल्यो पनि । ढलेन मात्रै होइन, जल्यो पनि जलायो पनि । इतिहास मेटिने गरी पुर्खाको अस्मिता लुटेर बिदा भएको छ, धरोहर च्यातेर भागेको छ । आयातीत लोभतन्त्रले देशको अस्मिता लुटेको छ । मृतक आत्माहरूले शान्ति पाउन्, क्षतविक्षत संरचनाहरू बन्लान् पछि तर मन कसरी बन्ला – भत्किएको ?

देशले रगत माग्दो रहेछ हरेक परिवर्तनमा । बेवकुफहरूले रगतमा होली खेलेका छन्, बिनारगत केही नगर्नेहरूलाई अब सधैंका लागि बिदा गरिनुपर्छ । धेरै ढिलो भइसकेको थियो । शब्दावलीहरूले घोचपेच गर्दा पनि पत्याएनन्, सबै उज्यालो देखे । देशमा अन्धकारको रात्रि सुरु भएको दशकौं भइसकेको थियो । ढाकछोप गरेर सबैलाई झुक्याए, अहिले पर्दाफास भएको छ- सबैतिर । जब जनता जागेर घरको खानतलासी गरे, गन्न नसकिने नोटका बिटा, बोक्न नसकिने सुनका भारी थुपारेर 'सर्वहारा'को नेतृत्व गर्ने दलाली, नातावादी राजनीतिकर्मी ढुटा भएका छन् अहिले ।

यिनीहरूले देश लुटेर बटुलेको सम्पत्तिले देश फेरि बन्न सक्थ्यो होला तर यी आफैंले डढाएका छन्, प्रमाण नष्ट गरेका छन् । सिंहदरबार नउठ्ने गरी भत्किएको छ, इतिहास गुमनाम पार्ने गरी आएको परिवारतन्त्रले देश श्रीलंका हुन लाग्यो । बा 'बंगलादेश' भनिरहँदा उल्टै हप्की-दप्की खाइयो । सेवासुविधा कुनै नदिएर आफ्नो र आफन्तको भुँडी भर्न तल्लीन चुसकको पापको घडा फुटेको छ- अब । 'सुशासन' भन्ने कुशासन दिने, नक्कली भेषधारीहरूले देश चुस्नसम्म चुसे- रगत चुसे, पिए । अब जुकाहरूलाई फेरि आउन दिनुहुँदैन । चुनावबाटै फाल्नुपर्ने लोकतन्त्रको मान्यता रहेकाले देशले फेरि एकपल्ट चुनाव माग गरेको छ । तर चुनाव धेरै भयो देशमा, काम भएन ।

चुनावको मिति तोकिनु राम्रो होला तर यति ठुलो आन्दोलनपश्चातको अन्तरिम सरकारको बनोट र संविधानको धाराको प्रयोग देख्दा, 'यो निर्विवाद छ' भन्ने अवस्था छैन । पापीहरूले अरू कसीलाई आउन नदिने गरी तयार पारेको संविधानले राम्रो निकास देला भन्ने ठोकुवा गर्न सकिँदैन । नयाँ संविधान आउन ढिलो गर्नुहुँदैन तर जतिसुकै संविधान आए पनि एक दशक नटिक्ने, देश सधैं प्रयोगशालामै राख्ने विगत हेर्दा- अझै पनि यसले स्थायित्व देला जस्तो देखिँदैन । जनताले सधैं खबरदारी कसरी गरिरहने ? खबरदारी गरेर पनि सुन्ने सरकार कहिल्यै आएन देशमा ।

अहिले इतिहासमा महिला प्रधानमन्त्री भएको खुसीयाली राम्रो हो । तर सबै कुरा 'ऐतिहासिक' भन्दै, नभएका कुरा प्रयोग गर्दै जाँदा, देश भने ऋणको भारमा, व्यापारघाटाको मारमा परेको छ । सुनको सिरानी हालेर बसेका राजनीतिक कुकर्मीहरूले देश टाट पल्टाएर आफन्त र आफू सप्रिने प्रयास गरे, इतिहासले क्षमा गर्ने छैन । जंगबहादुरभन्दा एक स्टेप अघि बढेकाहरू जंगबहादुर बन्न भने सकेनन् । कोतपर्वजस्तो लाग्ने नरसंहारकारी घटनामा हजारौं नेपालीको रगतमा होली खेलेर सबै कुरा ठिक देख्ने अन्धाहरूको कहिल्यै होस खुलेन ।

जति भन्यो, टेरेनन् । भाइ-भारदारहरूको लठैत जम्मा गरेर दिन बिताए, समय गुजारे । थाहा थियो, यो राम्रो होइन- तैपनि संविधान ढिलो ल्याए, जसले एक दशक पनि पार गर्न सकेन । विदेशीको गुलाम बनेर उखान-टुक्कालाई प्रश्रय दिनेहरूले देशलाई विदेशीको फूलबारी बनाए । चुच्चे नक्साको नाटक गरे, 'राष्ट्रियता'को भजन गाए । कुरूप प्रणाली, जो संसारबाटै प्याक भइसकेको थियो, गरिब नेपालीहरूलाई झुक्याएर मिठो सपना देखाउँदै यहाँ लादे । विद्वानहरूले पत्याएका थिएनन् । तर तिनकै अगाडि 'वादशाहको नांगो शरीर पनि ढाकिएको छ शरीर भन्ने' नारा दिएर, तिनकै दास बन्न खोजे ।

इतिहासमै कमजोर प्रशासन यन्त्र, इतिहासमै महँगो सेवासुविधा, बिचौलियाहरूको रजगज, ठेकेदारहरूको सलामी खाएर हिराको महलमा सुते, यी अब, तिनका दिन गएका छन् । अब खास नेपाली बन्नुपरेको छ, अर्ग्यानिक नेपाली बन्नुपरेको छ, स्वदेशको हित गर्नुपरेको छ, आफ्नै उत्पादन गर्नुपरेको छ । आफ्नै श्रम र मिहिनेत गरेर देश उठाउनुपरेको छ । जापान उठ्यो, जर्मनी उठ्यो, हामी पनि उठौंला । स्वघोषित राजनेता र आठपासे भरौटेहरूलाई सधैंका लागि बिदा गर्नु नेपालीहरूको पहिलो कर्तव्य हो । लोकतन्त्रमा जनताको मुख थुनेर आफूले एकलौटी रजाइँ गर्न उद्यत कुकर्मीहरूलाई जनताले पाखा लगाएका छन् । तर के गर्नु संरचना कुनै बाँकी छैनन्, देश शून्य भएको छ । विदेशीको मुख ताक्दा तिनको गुलामी गर्नुपर्छ । अतः आधा पेट खान तयार होऔं तर आफ्नै बुद्धि र विवेक प्रयोग गरौं । देश लुट्न पल्केकाहरूलाई बाइ-बाइ गरौं । अस्तु ।

## सामाजिक सञ्जाल




**गोकुल बाँस्कोटा**

नयाँ तर उनकै स्पष्ट परिभाषाअनुसार संविधानले नचिन्ने प्रमलाई दलाई लामाको आश्चर्यजनक बधाई र शुभकामना सन्देशले नेपाल भूराजनीतिको लाभमाथि तैरिरहेको सिधा संकेत दिएको छ । छिमेकीको व्यापार स्वार्थको कार्पेट डिप्लोमेसीले यसलाई छोप्न सकेन भने यो जटिल राजनीतिक, रणनीतिक संकटको बीजारोपण हो ।




**श्याम दाहाल**

कुनै राजनीतिक र व्यवस्था परिवर्तन भएको छैन, संविधान गणतन्त्र बाँकी नै छ, निर्वाचन मिति तोकिएको छ, एमाले कांग्रेसका ठुला-ठुला संगठन जीवित नै छन् ! केही गर्नै पर्दैन थोरै राजनीति सुधारे पुग्छ ! तर हाम्रा ऐतिहासिक जीवन्त र निजी सम्पत्तिमा आगो लगाउनेहरू को थिए र कहाँबाट परिचालित भए होलान् ?



**प्रेमकान्त अधिकारी**

उपकरणहरू बलियो क्षमतावान् गुणस्तरीय भएको भए यति बिघ्न तुरुन्त तुरुन्तै झ्याप्प झ्याप्प बिजुली बत्ती जाँदैन थियो होला । बस्ती जनशक्ति दिनहुँ बाक्लिँदै गइरहेको छ तर ट्रान्सफर्मरहरू पुराना मर्मतसम्भार गरेर जेनतेन कामचलाउ कम क्षमताका राखिएको अवस्था छ, त्यो पनि कमिसनले खिइएका ।



**गेजा शर्मा वाग्ले**

राजनीतिक रेकर्डका लागि दलहरूले धारणा राख्नु स्वाभाविक नै हो । तर पटकपटक अवसर पाएर पनि डेलिभरी गर्न नसकेको असफल नेतृत्व परिवर्तन गरी आफूलाई रूपान्तरण, शुद्धीकरण र पुनर्गठन गर्नुको सट्टा धारावाहिक विज्ञप्ति निकाल्नुको औचित्य कति होला ? कलंक अनुहारमा पोतिएको छ, ऐना सफा गरेर हुँदैन है

मध्यान्ह
www.madhyanhadaily.com



# बभाङमा सुपथ मूल्य पसल सञ्चालन

**सत्यराज सिंह/मध्यान्ह**
बभाङ, ३० भदौ

खाद्य व्यवस्था तथा व्यापार कम्पनी शाखा कार्यालय बभाङले चाडपर्वलाई मध्यनजर गर्दै बभाङमा सुपथ मूल्यका पसल सञ्चालनमा ल्याएको छ ।

सोमबार बभाङ शाखाले अरुवा मोटो र स्टिम जिरा मसिनो चामल सहुलियत मूल्यमा बिक्री गर्ने गरी सुपथ मूल्य पसल सञ्चालन गरिएको शाखा प्रमुख शिवराज पाध्यायले जानकारी दिए । उनले भने, 'सोमबारदेखि खाद्यको डिपो भिडमुनीबाट सुपथ मूल्यका पसल सञ्चालन गरेर सहुलियतमा चामल बिक्री गर्न थालिएको छ ।'

सुपथ मूल्य पसलमा अरुवा मोटा चामल प्रतिकेजी ६२ रुपैयाँमा ५ रुपैयाँ सहुलियत छुट लिएर ५७ रुपैयाँमा बिक्री



गरिएको शाखा प्रमुख पाध्यायले बताए । स्टिम जिरा मसिनो चामल प्रतिकेजी ९० रुपैयाँमा ५ रुपैयाँ सहुलियत छुट दिएर ८५ रुपैयाँमा बिक्री गरिएको उनले जानकारी दिए ।

उनले भने, 'सुपथ मूल्यको पसल सञ्चालनमा आएपछि उपभोक्तालाई निकै सहज भएको छ । ३० भदौदेखि १० कात्तिकसम्म सहुलियत छुट मूल्यमा बिक्री गर्न ७ सय क्विन्टल चामल छुट्याइएको छ । पहिलो दिन भदौ ३० गते अरुवा मोटो चामल ३० कट्टा, स्टिम जिरा मसिनो चामल २५ कट्टा बिक्री भएको छ ।' बिहान १० देखि बेलुकी ५ बजेसम्म चामल बिक्री गरिने उनले बताए । यसअघि नै सञ्चालनमा रहेका बिक्री काउन्टरमै सुपथ मूल्यका पसल सञ्चालन गरिएको हो । हाल जिल्लामा ३१० क्विन्टल चामल स्टक रहेको छ । छिट्टै तेल र चिनी पनि सुपथ मूल्य पसलमार्फत वितरण गर्ने तयारी भइरहेको पाध्यायले बताए ।

# जेन-जी आन्दोलन: ध्वस्त बने वडा कार्यालय

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३० भदौ

गत मंगलबारको जेन-जी आन्दोलनले वीरेन्द्रनगर नगरपालिकाका करिब सबै वडालाई आगलागी र तोडफोडको खतरनाक घेरामा पारेपछि यहाँको दैनिक जीवन अस्तव्यस्त बनेको छ ।

रातभरि डढेका नगरपालिका र वडाका भवन, खरानीमा परिणत जिन्सी सामग्री र फुटेका पर्खालहरू अझै पनि आन्दोलनको भयावहता झल्काइरहेका छन् । सोमबार शान्त रूपमा भइरहेको आन्दोलन मंगलबार दिउँसोदेखि उग्र बनेको थियो । मंगलबार १२ बजेदेखि सुरु भएको प्रदर्शन राति अबेरसम्म चल्यो । आन्दोलनकारीहरू छुट्टाछुट्टै समूहमा विभाजन भइ राजनीतिक दलका पार्टी कार्यालय, सरकारी कार्यालय र नेताहरूको घर निसानामा बनाए । आन्दोलनकारीहरूले दिउँसोदेखि राति अबेरसम्म वीरेन्द्रनगरका १२ वडामा पुगे ।

### वडाहरूमा क्षति

आगजनीबाट वीरेन्द्रनगर नगरपालिकाको वडा नम्बर १, ५, ७, ८, ९, १०, ११ र १२ वडा कार्यालय आंशिक रूपमा क्षति पुगेका छन् भने वडा नम्बर २, ३, ४ र ६ पूर्ण रूपमा जलेर खरानी भएका छन् । आगलागीबाट महत्वपूर्ण कागजात तथा सिस्टमहरू जलेको वडाध्यक्षहरूले बताएका छन् । भवन संरचनामा समेत आगोका कारण क्षतविक्षत भएको छ ।

आगजनीका कारण वडा कार्यालयहरूमा रहेका साना ठूला गरी दर्जनौं सवारी साधनमा क्षति पुगेको छ । वीरेन्द्रनगर-२ का वडाध्यक्ष गज बहादुर बुढाले आफ्नो वडामा भएका सम्पूर्ण सामग्रीहरू जलेर नष्ट भएको बताए । उनले कार्यालयमा भएका जिन्सी सामग्रीहरू पूर्ण रूपमा खरानी बनेको र केही सामान लुटपाट भएको आरोप लगाए ।

### नगरपालिका पनि निसानामा

आन्दोलनकारीहरूले वडा मात्रै होइन, नगरपालिका समेत आगजनी र तोडफोड गर्न भ्याए । आन्दोलनकारीको भीडले नगरपालिकाको मुख्य गेट तोड्दै भित्र पस्दा स्थानीयको मुटु ढुकढुकी



बढ्यो । ठुलो भिडले नगरपालिका पुगेर जिन्सी सामग्री राखिएको एक भवनमा आगजनी गरे ।

उनीहरूले नगर प्रहरी, जिल्ला प्रहरी र सशस्त्र प्रहरी बल अगाडि नै नगरपालिकाको गेट तोडफोड गरेर आगजनी गरेका थिए । आगजनी मात्र नभई, नगरपालिकाका सामाग्रीहरू समेत लुटपाट गरिएको छ ।

नगरपालिकाका सूचना अधिकारी टंक प्रकाश लामिछानेका अनुसार दुई वटा स्कुटर, एक मोटरसाइकल र करिब तीन लाख रुपैयाँ बराबरको डिजिटल बोर्डसहित धेरै सामग्री ध्वस्त भएका छन् । 'एउटा संस्थाबाट सहयोग मिलेको डिजिटल बोर्ड थियो। त्यो बोर्ड उनीहरूले ढुंगाले हानेर क्षति पुऱ्याए,' लामिछानेले भने, 'कार्यालयमा राखिएका स्कुटर र मोटरसाइकलसमेत जलाइए ।'

उनका अनुसार पालिकामा राखिएका सोलार प्रणाली समेत लुटपाट गरिएको छ । 'कार्यालय दमकल र एम्बुलेन्सका केही सिसा फुटेका छन्,' उनले भने, 'गेट अगाडिको पर्खाल भत्काइएको छ, जिन्सी सामान जलाइएका छन् ।'

### कर्मचारी र नागरिकको पीडा

नगरपालिकाका एक कर्मचारीले सवारी साधनसँगै अन्य जिन्सी सामाग्री पनि जलेर नष्ट भएको बताए ।

'हाम्रा स्कुटी र मोटरसाइकल जलेर ध्वस्त भए । कार्यालय अगाडिको डिजिटल बोर्ड पनि तोडफोड भयो,' ती कर्मचारीले भने, 'अहिले कति क्षति भएको छ भन्ने यकिन विवरण तयार भएको छैन । मुचुल्का बनाउने काम चलिरहेको छ । नगरपालिकामा आगलागी हुँदाको पीडा कसलाई सुनाउनु ?' नागरिकहरूलाई सेवा प्रवाह गर्ने नगरपालिका र वडाहरू आफैं ध्वस्त भएपछि, त्यहाँका कर्मचारीहरूले निकै पीडादायी अनुभव गर्नुपरेको उल्लेख गरेका छन् ।

### हमा ठप्प र पुनः सुरु

आन्दोलनका क्रममा भएको आगजनीमा विभिन्न जिन्सी तथा सवारी साधन पूर्ण रूपमा ध्वस्त भएपछि नगरपालिकाको सम्पूर्ण सेवा तत्काल ठप्प भएको थियो । तर, ठप्प भएको नगरपालिकाको सेवा प्रवाह आइतवारदेखि पुनःसुरु गरिएको छ ।

नागरिकलाई अत्यावश्यक सेवाबाट वञ्चित हुन नदिन नगरपालिकाले आइतबारदेखि काम थालेको सूचना अधिकारी लामिछानेले जानकारी दिए । जेन-जी आन्दोलनका क्रममा भएको घटनालाई आकस्मिक विपत्तिका रूपमा लिएर व्यवस्थापनमा अग्रसर भएको पनि उनले बताए ।

'नगरपालिकामा आगजनी र तोडफोड भएको छ । हामीले आइतवारदेखि सेवा सुरु गरेका छौं,' उनले भने, 'वडाहरूमा भने धेरै क्षति भएको छ । सेवा सुचारु हुन अझै निकै समय लाग्ने देखिन्छ ।'

# कर्णाली प्रदेश सभा सचिवालयमा लुटपाट : संलग्नको खोजी सुरु

**पूर्ण सार्की/मध्यान्ह**
सुर्खेत, ३० भदौ

कर्णाली प्रदेश सभा सचिवालयले सार्वजनिक सम्पत्ति चोरी तथा लुटपाटमा संलग्नहरुको खोजीकार्य सुरु गरेको छ ।

गत भदौ २४ गते सोमबार भएको जेनजी समूहको आन्दोलनको क्रममा सिर्जित विषम परिस्थितिको फाइदा उठाउँदै स्थानीय समूहहरुले कर्णाली प्रदेश सभा र सचिवालयबाट सार्वजनिक सम्पत्ति लुटपाट तथा चोरी गरेको कुराको जानकारी प्राप्त भएकाले सचिवालयले सम्बन्धित व्यक्तिहरूको पहिचान र खोजी कार्य सुरु गरेको जनाएको छ ।

प्रदेश सभा सचिवालयले सूचना निकाल्दै सभा र सभासचिवालयबाट आन्दोलनको फाइदा उठाई सार्वजनिक सम्पत्ति हिनामिना गर्ने, लुटपाट गर्ने तथा चोरीमा संलग्न व्यक्तिहरूलाई पहिचान गरी कानुनी कारबाही अगाडि बढाउने तयारी गरेको छ ।




उक्त दिनको आन्दोलनको क्रममा सभा तथा सचिवालयमा भएको तोडफोड, आगजनी, लुटपाट वा चोरीको समयमा फोटो वा भिडियो खिचेको वा त्यस्ता सामग्रीहरु सम्बन्धित व्यक्तिहरूबाट फेला परेका वा पहुँच भएको खण्डमा नजिकको प्रहरी कार्यालय अथवा कर्णाली प्रदेश सभा सचिवालयलाई ईमेलमार्फत् (karnalipradesh@gmail.com) उपलब्ध गराउन समेत प्रदेशसभा सचिवालयले अनुरोध गरेको छ ।

सचिवालयले सूचनामार्फत अनुसन्धानको फोटो, भिडियोलगायतका सामग्री पठाई सहयोग गर्ने व्यक्तिहरूको परिचय भने पूर्ण रूपमा गोप्य राखिने बताएको छ । सचिवालयले प्रदेश सभाभित्रबाट लगेका सामग्री नजिकको प्रहरी कार्यालय वा प्रदेश सभामा सम्पर्क गरी बुझाउन अनुरोध पनि गरेको छ ।


HIMALAYAN LIFE

प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| SN | Policy No. | Assured Name | Address |
|---|---|---|---|
| 1 | ULI1010000950 | Ful Kumari Chemjong | Kummayak-5 Panchthar |
| 2 | PLI1030000109 | Urmila Shrestha | Balambu-6 Kathmandu |
| 3 | ULI3370000376 | Sunita Shrestha | Madhyapur Thimi Na.pa -14 Bhaktapur |



## Invitation For Bids

**Bhume Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Khabangbagar, Rukum (East)**
**Lumbini Province, Nepal**

**Invitation for Bids for procurement of medicine under the below mentioned contracts.**

**First Date of Publication: 2082/05/31 B.S (2025/09/16 A.D)**

1. Bhume Rural Municipality (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office BRMO Khabangbagar, Rukum (East) on or before 12:00 Noon on 2082/06/30 B.S (2025/10/16 A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 2082/06/30 B.S (2025/10/16 A.D) at the office of BRMO Khabangbagar, Rukum (East). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East ) reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
   Name of the Bank: Citizens Bank International Ltd. , Bhume branch
   Name of Office:Bhume Rural Municipality, Khabagbagar,Rukum(East)

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 Bhume Ga. Pa Aantarik Rajaswa Khata | GA 3 Bhume Ga.pa. Dharauti Khata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. The Name and identification no of the contracts are as follows.

| S.N. | Description of Works | Contract ID | Estimated Amount (without VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | Procure and Supply of Health Medicines For Bhume Rural Municipality | EGP/BRMO/NCB/G- 01/HMP/2082-083 | 4830164.60\|-(Forty eight Lakhs Thirty Thousand one hundred sixty four Rupees and Sixty Paisa only) | 3,000\|- (Three thousands only) | 1,21,000\|-( One lakh and Twenty Thousand rupees only) |

**Chief Administrative Officer**



## हार्दिक समवेदना



जन्म
वि.सं. १९९०/१०/१२

स्वर्गारोहण
वि.सं. २०८२/०५/१८

**स्व. बमबहादुर कटुवाल**

हाम्रा शुभेच्छुक नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष, लोक दर्शन बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तथा **ब्लु स्काई इन्टरनेशनल प्रा.लि.** का सञ्चालक श्री प्रेम बहादुर कटुवालज्यूका पुजनीय पिता **बमबहादुर कटुवाल**को स्वर्गारोहणले हामी अत्यन्त मर्माहत भएका छौं । स्वर्गीय कटुवालको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**मेघनाथ भुर्तेल**
अध्यक्ष
**निलकमल ग्रुप अफ कम्पनी परिवार**
सिनामंगल-०९, एयरपोर्ट, काठमाडौं



## यूएईमा रोजगार

कम्पनी: JAMS HR SOLUTIONS FZE — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/२९ — चलानी नं.: ६०२४४८१४ — LT. No.: 331000

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labourer | 200 | 0 | स. काममा दक्ष | 1000 | ३८,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ७ गते (23 September 2025) मा हुनेछ ।
अन्तर्वार्ता एशियन पार्टी प्यालेस बुटवल रुपन्देहीमा २०८२ असोज ७ गते (23 September 2025) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटल विर्तामोड झापामा २०८२ असोज ८ गते (24 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SIJAN OVERSEAS PVT. LTD. — श्रम इजाजत नं. १६८१/०८०/०८१
Airport, Shambhu Marg -Road No.2, Kathmandu Tel : 01-5913578, 9843303500, 9823227810, 9842876547.
E-mail: sijanoverseas@gmail.com, Website: www.sijanoverseas.com



## UAE मा रोजगार

Cat International Limited Abu Dhabi
पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८२/३/१ — चलानी नं. ६०२३९५७० — LT.No. 325674

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|---|
| १ | Helper | 121 | 0 | [illegible] | 900 | ३४,६००।- |

अन्तरवार्ता २०८२ असोज ७ गते (23 Sept., 2025) यस प्रा. लि. को कार्यालय सुकेधारा, काठमाडौंमा हुनेछ ।

SKYWAYS BUREAU SERVICES PVT. LTD. — Gov.Lic.NO. 871/066/067
पो.ब.नं. ३५३, बद्री कोलनी, सुकेधारा, काठमाडौं, फोन : ०१-४३७०१०१, ४३७६११२
Email : info@skywaysnepal.com, www.societaloverseas.com



## युएईमा रोजगार

कम्पनी: ASIA PRIME GENERAL CONTRACTING CO. L.L.C - DUBAI BRANCH — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/३० — चलानी नं.: ६०२४४८६० — LT. No.: 330969

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour (Building Projects) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumbler | 50 | 0 | | 1200 | ४६,०४४ | | | | | | | |
| 3. | Scaffolder | 50 | 0 | | 1200 | ४६,०४४ | | | | | | | |
| 4. | Steel Fixer | 50 | 0 | | 1200 | ४६,०४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ७ गते (23 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | रु. १०,००० |

Koperasi International Pvt. Ltd.
श्रम इजाजत नं. १२८७/०७४/०७५
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tel.: 01-5912411
Mob: 9851023473 | Email: sarojoli208@gmail.com



## भुल सुधार

मिति २०८२/०५/३० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचनामा डडेल्धुरा जिल्ला परशुराम नगरपालिका-३ सिमल्टा स्थित सिगास सा.व.उ.स. हुनुपर्नेमा अन्यथा भएकाले भुलसुधार गरी सच्याइएको छ ।



## राहदानी हराएको सूचना

मिति २०७८।१२।०५ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम: KHUM BAHADUR CHUHAN
पूरानो राहदानी नं.: 05899217
ठेगाना: Araniko basti, 08 Sunwal, Nawalparasi
सम्पर्क: 9807459569

# ‘अभिमन्यु : च्याप्टर १’ अब फूलपातीमा

**काठमाडौं/मस–** बहुप्रतीक्षित नेपाली चलचित्र ‘अभिमन्यु : च्याप्टर १’ अब असोज १३ गते फूलपातीको दिनदेखि देशभर प्रदर्शनमा आउने भएको छ । यसअघि भदौ २७ गते रिलिज हुने तयारी भए पनि परिस्थितिका कारण मिति सारिएको हो ।

निर्माण कम्पनी सेभेन सिज नेपालले सोमबार विज्ञप्ति जारी गर्दै चलचित्रलाई नयाँ मितिमा ल्याउने घोषणा गरेको हो । कम्पनीले भनिएको छ, ‘भदौ २७ गते प्रदर्शनमा ल्याउने तयारी भए पनि देशको विषम परिस्थितिलाई मध्यनजर गर्दै हामीले मिति स्थगित गरेका थियौं । अहिले देखिएको आमूल परिवर्तनलाई सकारात्मक दृष्टिले लिएर चलचित्रलाई निरन्तर गतिशील बनाउन असोज १३ गते रिलिज गर्ने निर्णय गरिएको हो ।’

कम्पनीका अनुसार नेपाली भाषामा बनेको चलचित्र असोज १३ गते नेपालसहित विश्वव्यापी रूपमा रिलिज हुनेछ भने हिन्दी संस्करण असोज १७ गतेदेखि भारत र अन्य मुलुकमा एकैसाथ प्रदर्शन गरिनेछ ।

चलचित्रका निर्माता विनोद पौडेलले लामो समयसम्म दर्शकलाई प्रतिक्षामा राख्न नसक्ने भएकाले नयाँ मिति घोषणा गर्नुपरेको बताए । उनले भने, ‘भदौ २७ गते रिलिज गर्ने गरी हामीले प्रचार–प्रसारमा ठुलो लगानी गरिसकेका थियौं । तर परिस्थिति अनुकूल नभएकाले रोक्नुपरेको हो । अब भने फूलपातीमा रिलिज गर्ने निर्णय गरेका छौं । यो कसैसँग जुध्ने वा प्रतिस्पर्धा गर्ने उद्देश्य होइन, परिस्थितिले हामीलाई असोज १३ सम्म ल्याएको हो ।’ उनले विदेशमा पनि सो बुक भइसकेकाले अझ ढिला गर्न नसकिएको प्रष्ट पारे ।

सेभेन सिज सिनेमाको प्रस्तुतिमा निर्माण भएको यो चलचित्रमा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, प्रकाश




दाहाल र शिशिर वाङ्देल मुख्य भूमिकामा छन् । चलचित्रलाई सुशान्त गौतमले निर्देशन गरेका छन् भने क्रिएटिभ निर्देशक मदन थापा हुन् । कथा मुकेश खनालले लेखेका हुन् ।

चलचित्रका निर्माता विनोद पौडेल र गुञ्जन गिरी रहेका छन् भने सह–निर्मातामा रमेश चौलागाईं र हरि श्रेष्ठ छन् । कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठको संलग्नता छ । लाइन प्रोड्युसर जीवन शाक्य हुन् ।

प्राविधिक पक्षमा शरद महतोले छायांकन, मनोज श्रेष्ठले भिएफएक्स, जुनिम गहतराजले रंग संयोजन र मदन घिमिरेले सम्पादन गरेका छन् । निर्माण टोलीले यो चलचित्रले नेपाली चलचित्र उद्योगलाई नयाँ ऊर्जा दिने विश्वास व्यक्त गरेको छ । फूलपाती जस्तो चाडपर्वमा रिलिज हुने भएकाले दर्शकमाझ विशेष आकर्षण हुने अपेक्षा गरिएको छ ।

## ‘सनी संस्कारीकी तुलसी कुमारी’को ट्रेलर सार्वजनिक



**काठमाडौं/मस–** बलिउड अभिनेता वरुण धवन र अभिनेत्री जाह्नवी कपुरको मुख्य भूमिका रहेको चलचित्र ‘सनी संस्कारीकी तुलसी कुमारी’को ट्रेलर सार्वजनिक गरिएको छ । यसमा सान्या मल्होत्रा र रोहित सराफ पनि प्रमुख भूमिकामा देखिएका छन् ।

